# प्रदेश नं. १ को बाल-विवाहविरुद्धको प्रादेशिक रणनीति, २०७९/८०-२०८३/८४

स्वीकृत मितिः २०७९/०९/१८

सामाजिक विकास मन्त्रालय

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

प्रदेश नं. १, विराटनगर, नेपाल

# विषय सूची


१. पृष्ठभूमि ..... १

२. अन्तर्राष्ट्रिय प्रतिवद्धता ..... ५

३. दिगो विकास लक्ष्य र बाल-विवाह नियन्त्रण ..... ६

४. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था ..... ८

५. प्रदेश नं. १ को वर्तमान सन्दर्भ ..... १२

६. प्रदेशस्तरीय रणनीतिको औचित्य ..... १६

७. रणनीतिका सिद्धान्तहरू ..... १७

८. दूरदृष्टी ..... १८

९. ध्येय ..... १८

१०. लक्ष्य ..... १८

११. उद्देश्यहरू ..... १९

१२. रणनीति तथा कार्यनीति ..... १९

१३. अनुगमन तथा मूल्याङ्कन ..... २६

१४. सहकार्य तथा समन्वय ..... २८

१५. संस्थागत संरचना ..... २९

१६. जोखिम तथा न्यूनीकरण ..... ३०

१७. कार्ययोजना ..... ३२


सामाजिक विकास मन्त्रालय

# १. पृष्ठभूमि

बाल-विवाह विश्वका सबै महादेश र मुलुकमा विद्यमान अन्तर्राष्ट्रिय समस्या हो।[1] विश्वभरी प्रत्येक वर्ष १ करोड २० लाख बालिकाहरूको १८ वर्षको उमेर नहुँदै विवाह हुने गरेको छ (UNICEF)। यो भनेको प्रत्येक ५ मा १ बालिकाको १८ औं जन्मदिन मनाउन नपाउँदै विवाह बन्धनमा बाँधिनु पर्ने अवस्था हो।[2] यसप्रकार प्रत्येक १ मिनेटमा २३ वा प्रत्येक ३ सेकेण्डमा १ बालिकाको बाल-विवाह हुने गरेको छ।[3] बाल-विवाहका कारण बालअधिकारको गम्भीर उल्लंघन हुन्छ भने यसले बालापनलाई निर्मम तरिकाले कटौती गर्छ। शारीरिक र भावनात्मक परिपक्वता हासिल नहुँदै विवाह बन्धनमा बाँधिनु पर्दा बालबालिकाको विकास अवरूद्ध हुनुका साथै बाल-विवाहको परिणाम स्वरूप मुलुकहरू न्यून पोषण, प्रतिकूल यौन तथा प्रजनन् स्वास्थ्य परिणाम, उच्च जन्म तथा मातृ-शिशु मृत्यू दर, न्यून शैक्षिक स्तर, औपचारिक श्रम बजारमा महिलाहरूको न्यून सहभागिता, आर्थिक उत्पादकत्वमा कमी, बहुविवाह, घरेलु तथा लैङ्गिक हिंसाका दुष्पपरिणामहरू भोग्न बाध्य हुन्छन्।[4,5] यसप्रकार बाल-विवाहले खासगरी विकासोन्मूख राष्ट्रहरूको समग्र सामाजिक–आर्थिक विकासको गति पछाडी धकेलिएको छ भने गरीबी निवारण चुनौतीको विषय बनेको छ। बाल-विवाहसम्बन्धी एक अध्ययनले यो समस्याका कारण विकासशील राष्ट्रहरूका निम्ति दिगो विकास लक्ष्य पूरा गर्ने समय सन् २०३० सम्म पुग्न खरबौं डलरको आर्थिक मूल्य चुकाउनुपर्ने अवस्था रहेको देखाएको छ।[6]

संयुक्त राष्ट्र संघको परिभाषा अनुसार "बाल-विवाह" भन्नाले बालिका वा बालक दुबै वा एकले १८ वर्ष नपुग्दै औपचारिक रूपमा विवाह गरेको अवस्था वा अनौपचारिक रूपमा श्रीमान/श्रीमती जस्तै गरी एकसाथ रहेको (living together) अवस्था भन्ने बुझिन्छ। बालअधिकारसम्बन्धी महासन्धिको धारा १ मा "प्रस्तुत महासन्धिको प्रयोजनका लागि बालबालिका भन्नाले बालबालिकासम्बन्धी कानूनले पहिले नै सावालक हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जाति सम्झनु पर्छ" भनी उल्लेख गरिएको छ।[7] उक्त महासन्धिले उमेरको आधारमा "बालबालिका" भनी परिभाषित गरी कलिला मानवको विशेष अधिकार रहने र उनीहरूको संरक्षण गर्नुपर्ने आवश्यकता माथि जोड दिएको छ। नेपालको कानूनल पनि १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ।

बालअधिकारसम्बन्धि महासन्धिले कुनै पनि व्यक्ति १८ वर्ष नपुगेसम्म वयस्क नहुने भनी तोके तापनि बालबालिकाको कानूनी उमेर मुलुक र सन्दर्भ अनुसार फरक फरक रहने गरेको छ। यद्यपि, अधिकांश

[1] *Girls Not Brides UK,* http://www.girlsnotbrides.org/about-child-marriage/

[2] https://www.worldvision.com.au/global-issues/work-we-do/forced-child-marriage (accessed 05/02/2022)

[3] https://www.girlsnotbrides.org/about-child-marriage/ (accessed 05/02/2022)

[4] Bill & Melinda Gates Foundation, *Children's Investment Fund Foundation, Global Partnership for Education,* International Center for Research on Women (ICRW)

[5] World Bank, *Economic Impacts of Child Marriage: Global Synthesis Report,* Conference Edition, June 27, 2017. www.costsofchildmarriage.org

[6] http://www.worldbank.org/en/news/press-release/2017/06/26/child-marriage-will-cost-developing-countries-trillions-of-dollars-by-2030-says-world-bankicrw-report

[7] *बालअधिकारसम्बन्धी महासन्धि, १९८९* https://www.lawcommission.gov.np/wp-content/uploads/2021/03/ बाल-अधिकार-सम्बन्धी-महासन्धि.pdf

मुलुकहरूले "विवाह" को लागि योग्य हुने न्यूनतम उमेर १८ वर्ष भनी तोकेको पाइन्छ र संयुक्त राष्ट्रसंघको मापदण्ड अनुसार १८ वर्षभन्दा कम उमेरमा हुने विवाहलाई ''बाल-विवाह'' भन्ने गरिएको छ। नेपालले विवाह गर्न २० वर्षको उमेर पुरा हुनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेको छ। नेपालको सन्दर्भमा १८ वर्ष पुरा गरे तापनि कानूनले तोकेको २० वर्षको उमेर पुग्नुभन्दा पहिले हुने विवाहलाई बाल-विवाहको रूपमा लिने गरिएको छ। यसलाई ''कम उमेरमा हुने विवाह" को रूपमा पनि मान्न सकिन्छ।[8]

"जबरजस्ती विवाह" भन्नाले कुनै एक वा दुवै पक्षको पूर्ण र आफूखुसी सहमती बेगर गरिने विवाह र पारिवारिक वा सामाजिक दवावका कारण त्यस्तो वैवाहिक सम्बन्धलाई त्याग्न नसक्ने अवस्थालाई बुझाउँछ। यसका साथै बालअधिकारसम्बन्धी महासन्धि र महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी महासन्धि अन्तर्गतका सामान्य सुझावहरूले बाल-विवाहलाई पनि जबरजस्ती विवाहको रूपमा लिएको छ। किनभने त्यस्तो विवाहमा एक वा दुवै पक्षको पूर्ण, निष्पक्ष र स्वेच्छापूर्वकको सहमती भन्ने नै हुँदैन।[9] नेपालको सन्दर्भमा कतिपय बाल-विवाह अभिभावको रोजाइमा बालबालिकाको सहमती बिना जबरजस्ती हुने गरेको उदाहरणहरू छन्। अर्कोतिर कतिपय अवस्थामा बालबालिकाको आफ्नो रोजाइ र स्वेच्छामा प्रेम विवाह हुने गरेको पनि पाइन्छ। यस प्रकार नेपालमा विभिन्न समुदायमा जाति विशेष र भौगोलिक परिवेशअनुसार अभिभावकको रोजाईमा बाल-विवाह हुने गरेको पाइन्छ भने पछिल्लो समयमा बालबालिकाबीचको आफूखुसी प्रेम विवाहका घटनाहरू बढ्दै गएको देखिन्छ।

नेपाल बाल-विवाह सबैभन्दा धेरै हुने मुलुकहरूको सूचीमा १६ औं स्थानमा रहेको एक अध्ययनले देखाएको छ। सो अध्ययन प्रतिवेदनअनुसार नेपालमा बाल-विवाहको दर ४०% रहेको छ। यो दर दक्षिण एशियामा बंगलादेश (५९%) पछि दोश्रो हो भने छिमेकी राष्ट्र भारत (२७%) भन्दा अगाडी रहेको अवस्था हो।[10] UNICEF को प्रतिवेदन अनुसार नेपालमा ५० लाख बालिका-दुलहीहरू छन्। तिनिहरूमध्ये १३ लाखको १५ वर्ष नपुग्दै विवाह भएको छ (UNICEF Global Database 2020)। उक्त प्रतिवेदनअनुसार २० देखि २४ उमेर समूहका ४०% महिलाहरूको १८ वर्ष नपुग्दै र ७% महिलाहरूको १५ वर्ष नपुग्दै विवाह भएको अवस्था छ (NDHS 2016)। बालकको हकमा यो दर १०% छ र बालिकाको तुलनामा बालकहरूको बाल-विवाह दर न्यून देखिए तापनि विश्वव्यापी रूपमा बालकको विवाह बढी हुने १० वटा मुलुभित्र नेपाल पनि पर्दछ।[11]

बाल-विवाहले बालिका र बालक दुबैलाई नकारात्मक असर पुऱ्याएको हुन्छ नै, तर यसले बालकको तुलनामा बालिकाको हकमा अझ धेरै असमानुपातिक तरिकाले बाधा पारेको पाइन्छ। सख्यात्मक रूपमा बालकको तुलनामा बालिकाहरू धेरै संख्यामा वैवाहिक जीवनमा बाँधिन बाध्य छन्। विभिन्न अध्ययनहरूले विकासोन्मुख

[8] Women's Rehabilitation Center (WOREC), *Research Report: Redefining the Early and Child Marriage and Reconsidering its Elimination in Nepal through Absolute Criminalization, 2020* https://www.worecnepal.org/uploads/publication/document/2133142066REDEFINING%20THE%20EARLY%20AND%20CHILD%20MARRIAGE.pdf (accessed 08/02/2022)

9 United Nations, Joint General Recommendation/General Comment No. 31 of the Committee on the Elimination of Discrimination against Women, and No. 18 of the Committee on the Rights of the Child on harmful practices, New York (NY), 2014, CEDAW/C/GC/31/CRC/C/ GC/18., para.20

[10] https://atlas.girlsnotbrides.org/map/ (accessed 05/02/2022)

[11] https://www.unicef.org/nepal/press-releases/nepal-among-top-10-countries-prevalence-child-marriage-among-boys-unicef (accessed 07/02/2022)

मुलुकहरूमा व्याप्त गरीबी, पितृसत्तात्मक लैंङ्गिक मूल्यमान्यता र परम्परा, शिक्षाको कमी, यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी चेतनाको अभाव, पारिवारिक अनमेल, बिखण्डन र घरेलु हिंसाका कारण बाल-विवाहको दर उच्च रहने गरेको देखाएको छ।[12] नेपालको सन्दर्भमा पनि बालबालिका र उनीहरूको परिवारको स्थिति (जस्तै शैक्षिक स्तर, आर्थिक अवस्था, भौगोलिकता, जातजाति, सहर वा गाउँमा बस्ने आदि) का आधारमा बाल-विवाहको दर घटी बढी हुने गरेको पाइन्छ। सहरमा बस्नेभन्दा गाउँमा बस्ने, धनी परिवारकाभन्दा गरीब परिवारका, पढेकाभन्दा नपढेका महिला र पुरूषहरूमा बालविवाहको दर उच्च रहेको देखिन्छ।[13,14] "बालिका दुलही होइनन्" नामक एक प्रकाशनले नेपालमा कायम रहेको बाल-विवाहको उच्च दर बारे निम्नानुसार उजागर गरेको छ:[15]

१) बाल-विवाह बालिकाहरूका निम्ति अत्यन्त हानिकारक छ। बाल-विवाहमा परेका बालिकाहरू प्राय: विद्यालय छोड्ने मध्येका छन् र सानै उमेरमा बच्चा जन्माउँछन्। त्यसकारण कलिलो आमा र बच्चा दुबैको स्वास्थ्य स्थिति नाजुक हुन्छ। बाल-विवाह हुनुको पछाडी गरीबी एक कारकतत्व हो भने सानैमा कन्यादान दिँदा पुण्य मिल्ने अन्धविश्वास अर्को कारण हो। बाल-विवाहमा परेका बालिका र उनको परिवारलाई गरीबीको दुष्चक्रमा धकेलेको छ। बाल-विवाह गरेका धेरै बालिकाहरू घरेलु हिंसा पनि भोग्न बाध्य छन्।

२) दूर्गम क्षेत्रमा बाल-विवाहको जोखिममा रहेका र बाल-विवाह गरेका बालिकाहरूका निम्ति शिक्षाको अवसर पाउनु अत्यन्त कठिन छ। विवाहित बालिकाहरू प्राय: आधारभूत तहको शिक्षा समेत प्राप्त गरेका हुँदैनन्। अभिभावकहरू छोरीका निम्ति पढाईमा लगानी गर्न चाहँदैनन्। किनकि छोरी अर्काको घरको सम्पत्ति भन्ने सोच रहेको छ र छोरी माथिको लगानी भन्दा छोरा माथिको लगानीले भविष्यमा फाइदा हुने देख्छन्। ग्रामीण भेगमा बसोबास गर्नेहरूका निम्ति गुणस्तरको शिक्षा टाढा र महंगो छ र सुरक्षाका कारण पनि छोरीलाई घर नजिकको विद्यालयमा राख्ने गरिन्छ। बाल-विवाह कतिपय समुदायका लागि दाइजोसँग जोडिएको समस्या पनि हो। जति धेरै छोरीलाई पढायो उनका लागि उनीभन्दा योग्य ज्वाईं खोज्नु पर्ने र धेरै पढेको ज्वाईंको घरले धेरै दाईजो/तिलक खोज्ने प्रचलने पनि बाल-विवाहलाई बढाएको छ।

३) गरीबी र सामाजिक लाञ्छनाबाट उम्कन अधिकांश किशोरीहरू प्रेम विवाह गर्दछन्। बाबुआमा गरीब छन् भने बालिकाहरू विवाह र दाइजोको भार थप्न चाहँदैनन्। उनीहरू आफूलाई पाल्न सक्ने श्रीमानको खोजीमा हुन्छन्। साथीसंगीको संगत तथा दवाव र सामाजिक सञ्जालका कारण पनि प्रेम सम्बन्ध फस्टाउँदो छ। समाजमा प्रेम सम्बन्ध अपाच्य छ। प्रेम सम्बन्धबाट कतै यौन सम्बन्ध हुन

[12] https://www.worldvision.com.au/global-issues/work-we-do/forced-child-marriage (accessed 08/02/2022)

[13] Ministry of Health, New Era and ICF, *Nepal Demographic and Health Survey 2016 (2017)* (available at https://bit.ly/2HkfcHM)

[14] World Bank Group/ICRW, *Knowledge Brief: Basic Profile of Child Marriage in Nepal,* March 2016 https://openknowledge.worldbank.org/bitstream/handle/10986/24546/Basic0profile0of0child0marriage0in0Nepal.pdf?sequence=1&isAllowed=y (accessed 08/02/2022)

[15] *6 facts you need to know about child marriage in Nepal,* https://www.girlsnotbrides.org/articles/6-facts-you-need-to-know-about-child-marriage-in-nepal/(accessed 05/02/2022)

गएमा गर्भधारण हुने डर र समाजमा आफ्नो र परिवारको इज्जत जाने डरले पनि बालिकाहरू विवाह गरी जाँदा आफ्नो भविष्य सुरक्षित भएको ठान्ने गर्दछन्। साथै बाल-विवाह बालिकाको कुमारीत्वसँग जोडिएको सवालको रूपमा पनि हेरिन्छ। सानैमा विवाह गरिदिँदा छोरीको कौमार्य भङ्ग भएको हुँदैन भन्ने सोच समाजमा व्याप्त छ।

४) अर्कोतिर बाल श्रम र जातिय भेदभावले बाल-विवाहलाई बढाएको छ। दलित र जनजाति समूहमा बाल-विवाह उच्च हुनुको कारण समाजमा कायम रहेको भेदभाव पनि हो। यसको परिणाम उनीहरूको श्रोत तथा अवसरमा न्यून पहुँच हुन गई उनीहरूको गरीबीलाई झन् बढाएको छ। बाल-विवाह बढाउने अर्को कारण बाल श्रम हो। खेती किसानी, घरेलु श्रम, कलकारखाना, ईंट्टाभट्टामा संलग्न बालिकाहरू बाल-विवाहको जोखिममा छन्। घरमा काम गराउन पनि कलिलो दुलही खोज्ने प्रचलन कायम छ। दुलहा पक्षले जति सानो उमेरको बुहारी भित्र्याउन पाइयो त्यति उनलाई कजाई आफ्नो घरको चालचलन सिकाउन र आफूले सोचे जस्तो व्यवहार गर्ने बनाउन सजिलो हुने ठान्दछन्।

५) विवाहको लागि कानूनमा माथिल्लो उमेर तोकेर मात्र बाल-विवाह नियन्त्रण हुँदैन। नेपालमा वि.सं. २०२० मा मुलुकी ऐन लागू भएदेखि नै बाल-विवाह निषेध गरिएको थियो। हाल विवाहको लागि न्यूनतम उमेर २० बर्ष कायम गरिएको छ। कानूनमा जतिसुकै कडा व्यवस्था गरिए तापनि कार्यान्वयन पक्ष फितलो भएको हुँदा बाल-विवाह रोक्न सकेको अवस्था छैन। राज्यको कानून भन्दा समाजमा चली आएको धार्मिक अन्धविश्वासमा आधारित प्रथा-परम्पराले बलियो जरा गाडेको छ। सोही कारण बाल-विवाह नियन्त्रणमा राज्य अथवा प्रहरीको हस्तक्षेप समेत कमजोर छ।

६) नेपाल सरकार बाल-विवाह अन्त्य गर्न प्रतिबद्ध छ। दिगो विकास लक्ष्यसँग मिलान हुने गरी नेपालले सन् २०३० सम्म बाल-विवाह अन्त्यका लागि रणनीति तयार पारी कार्यान्वयनमा ल्याएको छ। वि.सं. २०७२ को भूकम्प र हाल कोभिड-१९ महामारीले बाल-विवाहलाई देशव्यापी रूपमा बढाएको छ। विभिन्न कारणबाट मुलुकमा व्याप्त बाल-विवाहको अन्त्यका लागि सरकारको एक्लो प्रयासले मात्र सम्भव छैन। यसमा सबै तहका सरकारका साथसाथै, नागरिक समाज, समुदायका अगुवाहरू दलित, आदिवासी जनजातिका लागि कार्यरत अधिकारवादीहरू, धर्मगुरूहरू एवं किशोरकिशोरी लगायत सबैको साझा प्रयासको खाँचो छ। अभिभावकको तर्फबाट हुने विवाह होस् वा आफैले गर्ने प्रेम विवाह, सबै किसिमको बाल-विवाह सम्बोधनका लागि पर्याप्त श्रोत साधनको व्यवस्था गरी समय सीमा सहितको प्रगति मापन गर्न सकिने सूचक सहितको कार्यक्रम कार्यान्वयनमा जोड दिन जरूरी छ।

यसप्रकार मुलुकमा समस्याको रूपमा विद्यमान बाल-विवाहलाई अन्त्य गर्न सबै सरोकारवालाहरूको सहयोगमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय प्रयासहरूका साथै मुलुकभित्र प्रदेश सरकार र स्थानीय तहसम्मले परम्परागत सोच, चिन्तन र व्यवहारमा परिवर्तन ल्याउन जरूरी भएको हुँदा प्रदेश सरकार प्रदेश नं १ ले यो बाल-विवाहविरुद्धको प्रादेशिक रणनीति, २०७९/८०—२०८३/८४ तयार पारेको छ।

## २. अन्तर्राष्ट्रिय प्रतिवद्धता

नेपाल बालअधिकारसम्बन्धी महासन्धि (CRC), १९८९; महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी महासन्धि (CEDAW), १९७९; नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICCPR), १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICESCR), १९६६; यातना विरूद्धको महासन्धि (CAT), १९८४ लगायत विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिहरूको पक्षराष्ट्र हो। नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि-सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो।[16]

नेपालले जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना (Program of Action adopted at the International Conference on Population and Development), १९९४; चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) लगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा लैङ्गिक समानता कायम गर्ने, महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने र बालअधिकारलाई प्रबर्द्धन गर्ने प्रतिवद्धता जनाएको छ।

सन् २०१३ मा बाल-विवाह, कम उमेरमा हुने विवाह तथा जवरजस्ती विवाहसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह–प्रायोजन गरी बाल-विवाहविरूद्ध प्रतिवद्धता जाहेर गर्नुका[17] साथै सन् २०१४ मा बेलायतमा सम्पन्न उच्चस्तरीय शिखर सम्मेलनमा सन् २०२० सम्ममा मुलुकबाट बाल-विवाह अन्त्य गर्ने प्रतिबद्धता पनि जाहेर गरेको छ। दक्षिण एसियामा "बालबालिका माथि हुने हिंसाविरूद्धको दक्षिण एशियाली पहल" (SAIEVAC) ले अघि सारेको "बाल-विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)"[18] मा पनि राष्ट्रिय संयन्त्रमार्फत बाल-विवाहविरूद्ध अभियान केन्द्रित गर्नेबारे प्रतिवद्धता जनाएको छ। यसका अतिरिक्त नेपालको नेतृत्वमा २०१४ नोभेम्बरमा सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल-विवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान" पारित गरिएको छ।

नेपालमा बाल-विवाह नियन्त्रणका लागि विगतदेखि नै विभिन्न प्रयासहरू जारी छन्। पछिल्ला वर्षहरूमा सो प्रयासलाई थप तीब्र पारिएको सन्दर्भमा UNICEF को एक प्रतिवेदनले तीन प्रकारको प्रक्षेपण गरेको छ - (क) विगत २५ वर्षकै गतिमा प्रयास गरिएमा बाल-विवाहको दर सन् २०३० सम्ममा ३५% र सन् २०५० सम्ममा २५% मा झार्न सकिने; (ख) विगत १० वर्षको गतिमा प्रयास गरिएमा यो दरलाई २०३० सम्ममा २७% र सन् २०५० सम्ममा १६% मा झार्न सकिने र (ग) अत्यन्त द्रुत गतिमा प्रयास गरिएमा उक्त दरलाई २०३० सम्ममा १८% र सन् २०५० सम्ममा ६% मा झार्न सकिने छ।[19]

---

[16] नेपालको संविधान २०७२ को धारा ५१ (ख) (२)।

[17] Human Rights Committee, Report of the Human Rights Council on its twenty-fourth session, para. 195, U.N. Doc A/HRC/24/2

[18] Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018)

[19] UNICEF, *Nepal Country Profile, UNFPA–UNICEF Global Programme to End Child Marriage* https://www.unicef.org/media/88831/file/Child-marriage-Nepal-profile-2019.pdf (accessed 05/02/2022)

## ३. दिगो विकास लक्ष्य र बाल-विवाह नियन्त्रण

विश्वव्यापी स्तरमा बाल-विवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDG) को प्राप्तिका लागि एक बाधकको रूपमा पहिचान गरी दिगो विकास लक्ष्य (SDG) को कार्यसूची (२०१६–२०३०) मा समावेश गरिएकोमा नेपालले बाल-विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरेको छ।[20] दिगो विकास लक्ष्य ५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकालाई सशक्त बनाउनेमा परिमाणात्मक लक्ष्य ५:३ अन्तर्गत सबै प्रकारका हानिकारक प्रचलनहरू जस्तै बाल-विवाह, कम उमेर र जबरजस्ती विवाह एवं महिला जनेन्द्रिय अङ्गभङ्ग गर्ने कार्यको अन्त्य गर्ने भनी उल्लेख गरिएको छ। बाल-विवाह समानता र विकासको प्रमुख बाधकको रूपमा रहेको कुरालाई महशुस गरी बालविवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाहका साथै महिलाविरूद्धका हानिकारक प्रथाहरूको अन्त्य गर्ने विषयमा अन्य मुलुकहरूले झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरू तयार पारेको छ। सो सूचक अनुसार नेपालले विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ बर्षका उमेरका महिलाहरूको प्रतिशत सन् २०१५ मा २४.५ रहेकोमा सो प्रतिशतलाई घटाई २०१९, २०२२, २०२५ र २०३० मा क्रमश: १८.०, १२.१, ८.२ र ४.१ मा झार्ने लक्ष्य राखेको छ।[21] सन् २०३० सम्ममा बाल-विवाह अन्त्य गर्ने लक्ष्यले दिगो विकास लक्ष्यका अन्य लक्ष्यहरूमाथि पर्ने देहायअनुसारका असरलाई न्यूनीकरण गर्दछ:[22]

| *लक्ष्य* | *बाल-विवाह अन्त्य गर्ने लक्ष्यसँगको सम्बन्ध* |
|---|---|
| **लक्ष्य १**<br>हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने। | • आर्थिक सुरक्षा हासिल गर्नका लागि धेरै अभिभावकहरू आफ्ना छोराछोरीहरूलाई विवाह गर्नेबारे सोच्दछन्। तर वास्तवमा बाल-विवाहका कारण महिला तथा बालिकाहरूका हकमा शिक्षा तथा रोजगारका अवसरहरूबाट बञ्चित हुने अवस्थाको सिर्जना भई उल्टै गरिबीको स्थितिले निरन्तरता पाई रहेको हुन्छ। |
| **लक्ष्य २**<br>भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने। | • खाद्य असुरक्षा बाल-विवाहका कारण र परिणाम दुवै हुन्।<br>• धेरै घर परिवारले सानै उमेरमा छोरीको विवाह गरिदिंदा उनलाई खान लाउन दिने दायित्वबाट मुक्त भई आर्थिक दायित्वबाट मुक्त हुने सोच राख्दछन्। तर बाल-विवाह गर्ने बालिका-दुलहीहरू उमेर पाको भएपछि विवाह गर्ने महिलाको दाँजोमा अत्यधिक |

[20] National Planning Commission, *Sustainable Development Goals Status and Roadmap: 2016-2030,* Singh Durbar, Kathmandu

[21] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, *नेपाल दिगो विकास लक्ष्यहरु वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०,* काठमाडौं, नेपाल (सन् २०१७)।

[22] World Vision, Plan International, *The Royal Common Wealth Society Ending Child Marriage by 2030; Tracking Progress and Identifying Gaps, Policy Paper* July 2016, World Vision, Girls not Brides, World Vision UK, www.Worldvision.org.uk

| | |
|---|---|
| | कुपोषणमा पर्ने सम्भावना रहन्छ। |
| **<u>लक्ष्य ३</u>**<br>सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने। | • बालिका-आमाको गर्भबाट कम तौलको बालबालिका जन्मिने हुँदा मृत्यू हुने बलियो सम्भावना रहन्छ।<br>• बाल-विवाहका कारण बालिकाको स्वास्थ्यलाई हानि पुग्ने विभिन्न अध्ययनहरूले देखाएको छ।<br>• विवाहपछि अधिकांश (९०%) किशोरीहरू सानै उमेरमा गर्भवती हुने गर्दछन्।<br>• किशोरीहरूका निम्ति गर्भवती हुनु र बच्चा जन्माउनु अत्यन्त जोखिमपूर्ण स्थिति हो: यो नै १५-१९ बर्ष उमेर समूहका बालिकाहरूको मृत्यू हुनुको दोश्रो मुख्य कारण हो।<br>• सानै उमेरमा बच्चा जन्माउने बालिका-आमाहरू गर्भसम्बन्धी फिस्टुला (Obstetric fistula) बाट पीडित हुने गर्छन्। |
| **<u>लक्ष्य ४</u>**<br>समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने। | • बाल-विवाह बालिका शिक्षाका निम्ति सबैभन्दा ठूलो बाधक तत्व हो, यसले बालिकालाई विद्यालय छोड्न बाध्य पार्दछ।<br>• सानै उमेरमा विवाह गर्ने बालिकाहरूको शैक्षिक स्तर न्यून हुन्छ। माध्यमिक वा उच्च स्तरको शिक्षा आर्जन गर्ने भन्दा नपढेका बालिकाहरूको १८ बर्ष नपुग्दै विवाह हुने सम्भावना तीन गुणाले बढी हुन्छ।<br>• बालिका शिक्षामा सुधार गर्ने प्रयास त्यति बेला मात्रै सफल हुन्छ जब बाल-विवाह, लैङ्गिकतामा आधारित हिंसा र लैङ्गिक असमानता समेत सम्बोधन हुन्छ। |
| **<u>लक्ष्य ८</u>**<br>स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने। | • यदि बालिकाहरू बालक सरह विद्यालय जान, रोजगारीमा संलग्न हुने सीप सिक्न र समान आर्थिक अवसरहरूमा पहुँच पुऱ्याउन सक्षम भए भने आफू र आफ्नो परिवारलाई टेवा पुऱ्याउन र अन्तरपुस्ता गरिबीको दुष्चक्रलाई टोड्न समेत सक्षम हुने छन्।<br>• बाल-विवाह अन्त्य भएमा बालिका र उनीहरूको परिवार एवं मुलुककै लागि पनि नयाँ आर्थिक अवसरहरूको ढोका खुल्ने छ। |
| **<u>लक्ष्य १०</u>**<br>देशभित्र तथा देशहरूबीचको असमानता हटाउने। | • विश्वकै लागि बाल-विवाह कायम रहेसम्म लैङ्गिक असमानता हट्न सक्दैन।<br>• युनिसेफको एक अनुमान अनुसार बर्तमानमा बाँचेका मध्ये ७० करोड महिलाहरूको १८ बर्ष नपुग्दै विवाह भएको देखिन्छ। यो |

| | |
|---|---|
| | आंकडा भनेको विश्वजनसंख्याको १० प्रतिशत हो।<br>• सानै उमेरमा बालिकाको विवाह हुनु भनेको उनलाई धेरै अवसरहरूबाट विमुख गराउनु हो। यसले उनीहरूको स्वास्थ्य र शिक्षालाई बाधा पुऱ्याउँछ र उनीहरूका लागि आर्थिक अवसरहरू पनि खुम्चिन्छन्।<br>• पति-पत्नीबीच उमेरको फरकले गर्दा बालिका-दुलहीहरू आफ्ना पति र पतिको घरबाट हिंसा भोग्न र सहन बाध्य हुन्छन्। |
| <u>लक्ष्य १६</u><br>दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चत गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने। | • बालिकालाई बाल-विवाहबाट जोगाउन र उनीहरूको विकासको सुनिश्चितताका लागि सक्षम बनाउन कडा कानून र नीतिको आवश्यकता छ।<br>• नागरिकलाई कानून छ भन्ने थाहा भए मात्र त्यसले काम गर्छ र कानूनको दह्रो कार्यान्वयनका लागि एक बलियो पद्धतिको खाँचो छ।<br>• जन्मदर्ता, विवाह दर्ता लगायत सबै तहका संयन्त्र तथा समुदायसँग कानूनको प्रभावकारी कार्यान्वयनका लागि प्रयत्नशील हुनुमा नै बाल-विवाहको अन्त्य भई सबैका लागि न्यायपूर्ण विश्वको निर्माण हुने छ। |

नेपाल सरकार राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको दिगो विकास लक्ष्य स्थानीयकरण श्रोत पुस्तिकामा उल्लेख भए अनुसार लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त बनाउनेमा संघ र प्रदेश तहका सरकारका साथै स्थानीय तहको भूमिका अझ विशेष महत्वपूर्ण हुनेबारे उल्लेख गरिएको छ। यसका साथै स्थानीय तहलाई बाल-विवाह लगायत लैङ्गिक हिंसा निवारण गर्न निरोधात्मक, प्रवर्द्धनात्मक एवं सुरक्षात्मक उपायहरू अपनाउने र सुधार गृहहरू (सुरक्षित घरहरू) उपलब्ध गराउने कार्यको जिम्मेवारी दिइएको छ।[23]

# ४. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था

## *बालबालिकासम्बन्धी राष्ट्रिय नीति*

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बाल-विवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रूपमा पहिचान गरेको छ। सो नीतिको रणनीति नं. ८.९ मा बाल-विवाह रोक्न सरकारी र विकास साझेदारहरूको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरूलाई परिचालन गर्ने, बाल-विवाहविरूद्धको उजुरी

[23] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, *दिगो विकास लक्ष्य स्थानीयकरण श्रोत पुस्तिका,* काठमाडौं, नेपाल (२०७७)।

सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल-विवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिने भनिएको छ। यसैगरी रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बाल-विवाह विरूद्ध चेतना जागरण कार्यक्रम सञ्चालन गर्न र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।[24]

## *बाल-विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति*

बालमैत्री एवं लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने परिकल्पना गर्दै बाल-विवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ध्येय र सन् २०३० सम्ममा नेपालमा बाल-विवाह अन्त्य गर्ने लक्ष्यका साथ नेपाल सरकारले बाल-विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ तयार पारेको छ। राष्ट्रिय रणनीतिले बाल-विवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन र आवश्यकतानुसार कानूनको संशोधन एवं परिमार्जन गर्ने; आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बाल-विवाहविरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने; बाल-विवाहविरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने; बाल-विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ-संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने; बालबालिका बिशेषतः बाल-विवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगका लागि सामना गर्नु पर्ने कठिनाई तथा चुनौतीहरू सम्बोधन गरी समतामूलक पहुँच सुनिश्चित गर्ने; बाल-विवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र नेपाल सरकार तथा विकास साझेदारहरूको सहकार्यमा बाल-विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने भनी उद्देश्य राखेको छ।

यसका साथै राष्ट्रिय रणनीतिले बाल-विवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्त (Theory of Change) मा आधारित भई बालिका र किशोरीको सशक्तीकरण गर्ने; बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने; बालक, किशोर तथा पुरुषहरूको सहभागिता प्रवर्द्धन गर्ने; परिवार र समुदायको परिचालन गर्ने; बाल-विवाहको जोखिममा रहेका र बाल-विवाहबाट प्रभावितहरूलाई सेवा प्रवाह गर्ने एवं कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन गर्ने जस्ता रणनीति समावेश भएका छन्।[25]

## *राष्ट्रिय लैङ्गिक समानता नीति*

[24] नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को रणनीति ८.९ र ९.३, सिंहदरवार, काठमाण्डौं ।

[25] नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, *बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२,* सिंहदरबार, काठमाडौं।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ मा महिला, किशोरी तथा बालिकाहरूका निम्ति संविधानले प्रत्याभूत गरेका मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा उनीहरुमाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक तथा नियमनकारी व्यवस्थापको माध्यमबाट सम्बोधन गर्ने र बाल-विवाह लगायतका वैवाहिक परम्परासँग जोडिएका कुरीतीहरूको अन्त्य गर्ने नीतगत व्यवस्था समेत गरेको छ।

### *आवधिक योजना/कार्ययोजना*

पन्ध्रौं योजना (२०६७/७७–२०८०/८१) ले नेपाली समाजमा बाल-विवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसारपसार, शिक्षाको कमी आदि समस्याको रूपमा रहेको कुरालाई स्वीकार गर्दै बाल-विवाह, बाल श्रम, बाल बालबालिकाविरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानूनी ओसारपसार लगायत बालबालिकासम्बन्धी कानूनी प्रावधानका विषय र नैतिक शिक्षाको विषय विद्यालयको पाठ्यक्रममा समावेश गरिने छ भनी कार्यनीतिमा उल्लेख गरेको छ।[26] विगतमामा कार्यान्वयन गरिएका लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रीय कार्ययोजना, २०५४ (२०६१ मा पुनरावलोकन गरिएको); महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना,२०६०; लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लगायतका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बाल विवाह नियन्त्रणका लागि रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्। त्यसैगरी मानवअधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) ले बाल-विवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीति २०७२) को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा जोड दिनुका साथै विगतमा कार्यान्वयन गरिएका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बाल-विवाह नियन्त्रणका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्।[27]

### *कानूनहरू*

बाल-विवाह लैङ्गिक समानता स्वतन्त्रता तथा आत्मसम्मानमा चुनौतिको रूपमा रहेको यथार्थलाई स्वीकार गर्दै यसको उन्मूलनका लागि नेपाल सरकारले देहायअनुसार संविधान लगायत विभिन्न कानूनमा व्यवस्था गरेको छः

**(क) नेपालको संविधान:** नेपालको संविधानको धारा ३८ को उपधारा (३) मा महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणविरूद्धको हक सुनिश्चित गरी त्यस्तो कार्य दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको समेत मौलिक हकको रूपमा व्यवस्था गरेको छ। बाल-विवाहले बालक र बालिका दुवैलाई हानी पुऱ्याउने भए तापनि हाम्रो जस्तो पुरूष प्रधान समाजमा आर्थिक, सामाजिक, शैक्षिक तथा

[26] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, *पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)*, सिंहदरबार, काठमाडौं।

[27] नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, *मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८–२०८१/८२)*, सिंहदरबार, काठमाडौं।

वृत्ति विकाससम्बन्धी अवसरबाट महिलालाई बढी नकारात्मक तरिकाले प्रभाव पार्ने हुँदा यसलाई महिलाविरूद्धको हिंसाको रूपमा पनि लिइन्छ।

त्यसै गरि संविधानको धारा ३९ मा बालबालिकाको हकको व्यवस्था भएको छ। सो अन्तर्गत उपधारा (५) मा कुनै पनि बालबालिकालाई बाल-विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न तथा बन्धक बनाउने विरूद्धको मौलिक हक प्रत्याभूत गरेको छ। त्यसैगरी सोही उपधारा (१०) मा उपधारा (५) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरिएको छ।

**(ख) मुलुकी अपराध संहिता:** वि.सं. २०७५ बैशाख १ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने व्यक्तिको उमेर २० बर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने, त्यस्तो विवाह गराएमा स्वतः बदर हुने र त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैंयासम्म जरिवाना हुने व्यवस्था गरेकोछ।[28] साथै सो संहिताको करणी सम्बन्धी कसूर अन्तगर्त १८ वर्ष भन्दा कम उमेरको बालिकालाई मन्जुरी लिएर करणी गरेको अवस्थामा समेत जबरजस्ती करणीको कसूर हुने र त्यस्तो कसूर गरेकोमा बालिकाको उमेरको अवस्था हेरी कम्तीमा दश वर्ष र अधिकतम जन्मकैदको सजाय र जरिवाना समेत हुने गरी जघन्य अपराधको रूपमा व्यवस्था गरिएको छ।[29] यसप्रकार १८ वर्ष मुनिको बालिकासँग बालविवाह गरी कायम गरिएको यौन सम्पर्क पनि कसूर ठहर हुने भई विवाह गर्ने र यौन सम्बन्ध कायम गर्ने व्यक्तिलाई समेत कठोर सजाय हुने व्यवस्था छ। सर्वोच्च अदालतबाट बालविवाहलाई बैध विवाह नमानिने र करणी लिनु दिनु कार्य कानूनसम्मत नभई जबरजस्ती करणी मानिने भनि सिद्धान्त समेत प्रतिपादन भएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले बालविवाह सम्बन्धी कसूरमा नेपाल सरकार वादी भई मुद्दा अनुसन्धान तथा दायर गर्ने व्यवस्था गरेको छ।

**(ग) मुलुकी देवानी संहिता:** वि.सं. २०७५ बैशाख १ गतेदखि लागू भएको मुलुकी देवानी संहिताको दफा ६७ मा कुनै पुरूष वा महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने छ भनी व्यवस्था गरेको पाइन्छ। सो संहिताले विवाहको लागि पुरूष वा महिलाको कम्तीमा बीस वर्ष उमेर पूरा भएको हुनु पर्ने, त्यस्तो उमेर नपुगेकाबीचमा विवाह गर्न वा गराउन नहुने र यदि विवाह गरेमा स्वत बदर हुने व्यवस्था गरेकोछ।[30]

**(घ) बालबालिकासम्बन्धी ऐन:** बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६ को उपदफा (२) (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिका विरूद्धको हिंसा गरेको ठहर्छ भनी व्यवस्था गरेको छ।[31] यस ऐनको दफा ३ ले प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हक सुनिश्चित गरेको छ। साथै सो ऐनले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय

---

[28] मुलुकी अपराध संहिता, २०७४ दफा १७३।

[29] ऐ ऐ, दफा २१९ ।

[30] मुलुकी देवानी संहिता, २०७४ दफा ७०, ७१ र ७२।

[31] बालबालिकासम्बन्धी ऐन, २०७५ दफा ६६ को उपदफा (२) (ण)।

तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नु पर्ने समेत व्यवस्था गरेको छ।

**(ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन:** राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा पञ्जिकाधिकारी समक्ष विवाह दर्ता गराउँदा स्वतः वदर हुने विवाह लगायतका व्यक्तिगत घटना दर्ता गरी प्रमाणपत्र दिन नहुने, त्यस्तो घटना दर्ता गर्न ल्याएमा प्रचलित कानून बमोजिम कारबाही गर्ने निकाय समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेको छ।[32]

**(च) स्थानीय सरकार सञ्चालन ऐन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हानिकारक प्रथा तथा परम्परा जस्तै बाल-विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी स्थानीय सरकार र विशेष गरी वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत समावेश गरेको छ। अत: बाल-विवाह विरूद्धको रणनीति, कार्ययोजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु स्थानीय सरकारको पनि जिम्मेवारी हो।[33]

## ५. प्रदेश नं. १ को वर्तमान सन्दर्भ

प्रदेश नं. १ मा ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, संखुवासभा, भोजपुर, तेह्रथुम, धनकुटा, सुनसरी, मोरङ्ग, सोलुखुम्बु, खोटाङ्ग, ओखलढुङ्गा र उदयपुर गरी १४ जिल्लाहरू छन्। यस प्रदेशको राजधानी विराटनगरमा रहने निर्णय भएको छ। प्रदेशका १४ जिल्लामध्ये ३ वटा हिमाली जिल्ला, ८ वटा पहाडी जिल्ला, १ भित्री मधेश र ३ वटा तराई जिल्ला हुन्। यस प्रदेशमा १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी कूल १३७ वटा स्थानीय तहहरू छन्। सगरमाथा, कञ्चनजङ्घा, ल्होत्से, मकालु र चोयु लगायत विश्वका ६ वटा अग्ला हिमशिखरहरू यसै प्रदेशमा छन्।[34] नेपालको कुल क्षेत्रफलको १७.६% हिस्सा ओगटेको यो प्रदेशमा २०७८ को जनगणनाको प्रारम्भिक नतिजाअनुसार महिला २५,४६,७५५ र पुरुष २४,२५,२६६ गरी कूल जनसंख्या ४९,७२,०२१ (नेपालको १७.०३%) रहेको छ भने लैङ्गिक अनुपात ९५.२३ रहेको छ।[35] यस प्रदेशको उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत, पूर्वमा भारतको सिक्किम र पश्चिम बङ्गाल राज्य, पश्चिममा बागमती प्रदेश र मधेश प्रदेश र दक्षिणमा भारतको विहार राज्य रहेको छ।

---

[32] राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ दफा २१।

[33] स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा १२ (२) ग को ३२।

[34] प्रदेश सरकार, प्रदेश योजना आयोग, प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) प्रदेश नं १ विराटनगर नेपाल।

[35] नेपाल सरकार, केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा।

यस प्रदेशमा थारू, धिमाल, राजवंशी, सन्थाल, उराव, मुस्लिम, क्षेत्री ब्राम्हण, नेवार, तामाङ्ग, मगर, राई, लिम्बु, गुरूङ्ग, शेर्पा, भोटे, मेचे आदि विविध जातजाति, फरक फरक धर्म र संस्कृति, भाषा, भेषभुषाले सम्पन्न छ। राई-लिम्बु (१९.३%) को बाहुल्यता रहेको यस जिल्लामा क्षेत्री (१४.८%), बाम्हण (१२.१%), दलित (९.३%) तामाङ्ग (४.७%), मगर (४.२%), थारु (४.२%), नेवार (३.७%), मुसलमान (३.६%), गुरुङ्ग (१.४%), यादव (१.३%) र अन्य जातजाति (२१.४%) छन्। जातिगत हिसाबमा ताप्लेजुङ्ग, पाँचथर र तेऱ्हथुममा लिम्बु जातिको तथा खोटाङ्ग, इलाम, भोजपुर र सोलुखुम्बुमा राई जातिको बाहुल्यता छ। झापा र मोरङ्गमा पहाडी ब्राम्हणको, संखुवासभा, धनकुटा, ओखलढुङ्गा र उदयपुरमा क्षेत्रीको र सुनसरी जिल्लामा थारूको बाहुल्यता छ।[36]

प्रदेशमा गरीबीको रेखामूनी रहेको जनसंख्या (आ.व २०७५/७६ यथार्थ) १२.४% र बहुआयामीक गरीबीको जनसंख्या १९.७% रहेको छ। प्रदेशमा १८ वर्षसम्मका बालबालिका ४४.९१%, १६ बर्ष मुनिका बालबालिका ४१.४२% र १० देखि १९ बर्षसम्मका किशोरकिशोरी २४.१% रहेको अनुमान छ। प्रदेशको लैङ्गिक विकास सूचकांङ्क ०.९२५ रहेको छ भने साक्षारता दर ७९.१% र खुद भर्नादर ९५% रहेको छ।[37] समग्र प्रदेश र जिल्लागत रूपमा बाल-विवाहको स्थितिबारे अध्ययन अनुसन्धान नभएको हुँदा तथ्यांङ्क उपलब्ध छैन्। यद्यपि प्रदेशका विभिन्न जिल्लाहरूमा आर्थिक–सामाजिक स्थिति, शैक्षिक स्तर आदिका आधारमा फरक फरक समुदायमा बाल-विवाहको दर फरक फरक रहेको र विशेष गरी दक्षिणमा भारतसंग सीमा जोडिएका जिल्लाका पालिकाहरूमा अभिभावकको पहलमा हुने बालविवाहको दर उच्च छ भने उत्तरी भेगका पालिकाहरूमा प्रेम विवाहका कारण हुने बाल-विवाहको दर उच्च रहेको देखिन्छ।[38] कोभिड–१९ महामारीका कारण भौतिक उपस्थितिमा विद्यालय सञ्चालन हुन नसक्दा विद्यालय छाड्ने (school dropout) र बाल-विवाह गर्नेको संख्या बढेको बारे विभिन्न संचार माध्यमबाट समाचार प्रकाशित भइरहेको अवस्था छ।

नेपालका ७ प्रदेशमध्ये बाल-विवाह धेरै हुनेमा मधेश प्रदेश पहिलो र कर्णाली प्रदेश दोश्रो रहेको मानिन्छ।[39,40] ओरेकको एक अध्ययन प्रतिवेदनमा प्रदेश १ मा महिलाहरू मधेश प्रदेशका महिलाहरूभन्दा ३ वर्षपछि; लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका महिलाहरूभन्दा २ वर्षपछि विवाह गर्ने गरेको; पुरुषहरूका हकमा यस प्रदेशका पुरूषहरू कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पुरूषहरूभन्दा ३ वर्ष पछि; मधेश प्रदेश तथा लुम्बिनी प्रदेशका पुरूषहरूभन्दा २ वर्षपछि र गण्डकी प्रदेशका पुरूषहरूभन्दा १ वर्षपछि विवाह गर्ने गरेको उल्लेख भएको पाइन्छ।[41] तथापि, भारतसंगको सीमावर्ती इलाकामा बसोवास गर्ने

---

[36] प्रदेश सरकार, प्रदेश योजना आयोग, प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), प्रदेश नं १, बिराटनगर नेपाल।

[37] प्रदेश सरकार, प्रदेश योजना आयोग, *प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१),* प्रदेश नं १, बिराटनगर नेपाल।

[38] विभिन्न सरोकारवाला तथा मुख्य सूचनादाताबाट प्राप्त जानकारी अनुसार।

[39] https://www.girlsnotbrides.org/child-marriage/nepal/

[40] https://www.unicef.org/media/111391/file/Child-marriage-country-profile-Nepal-2021.pdf (accessed10/02/2022)

[41] Women's Rehabilitation Center (WOREC), *Research Report: Redefining the Early and Child Marriage and Reconsidering its Elimination in Nepal through Absolute Criminalization, 2020*

समुदायमा २० वर्षको विवाहको कानूनी उमेरको हद बढी भयो भन्ने सोच कायम रहनु; विभिन्न कारणले विद्यालयको पढाई छाड्ने बालिका र बालकको संख्या धेरै हुनु; किशोरकिशोरीको यौनिकताबारे अभिभावकहरूमा सकुंचित विचार कायम रही आफ्ना छोराछोरीहरूलाई उपयुक्त ढङ्गबाट शिक्षा र सल्लाह दिन संकोच मान्नु; घरेलु तथा लैङ्गिक हिंसालगायत बाल-विवाहलाई बढावा दिने बहुविवाह, दाइजो/तिलक जस्ता हानीकारक परम्पराहरू कायम रहनु; अर्थोपार्जनका लागि बैदेशिक रोजगार वा आप्रवासनमा जाँदा परिवार विखण्डन भई पारिवारिक संरक्षण प्रणाली कमजोर हुनु; लैङ्गिक भूमिकामा आधारित कामको बाँडफाँड कायमै रही बालिका तथा महिलाहरू प्रजनन् भूमिका (Reproductive Gender Roles) का साथै घरेलु कामको बोझमा परी औपचारिक क्षेत्रको रोजगारीबाट विमुख हुनु; सीमान्तकृत समुदायको शिक्षा तथा रोजगारीमा असमान पहुँच, लैङ्गिक तथा जातीय भेदभावसँग जोडिएको संरचनागत गरीबीको दुष्चक्र र आर्थिक असुरक्षा कायमै रहनु; सामाजिक सञ्जालमा अनियन्त्रित पहुँच र देखासिखी विद्यमान हुनु जस्ता आदि कारणले गर्दा प्रदेश १ मा पनि बाल-विवाहको समस्या गम्भीर रूपमा रहेको देखिन्छ।[42]

प्रदेशमा भौगोलिकता, जातजाति, धर्म–सम्प्रदाय, आर्थिक–सामाजिक स्थिति, शैक्षिक स्तर आदिका आधारमा फरक फरक समुदायमा बाल-विवाहको दर फरक फरक रहेको अवस्था छ। प्रदेशको उत्तरी भेगका पहाडी जिल्ला र जनजाति समुदायमा श्रीमान/श्रीमती जस्तै गरी एकसाथ बस्ने र सानै उमेरमा भागी विवाह गर्ने प्रचलन रहेको छ भने दक्षिणी भेगमा प्रेम विवाहका साथै अभिभावकको सहमतिमा हुने विवाहको दर पनि उच्च रहेको अवस्था छ।[43]

प्रदेश नं. १ प्रदेश प्रहरी कार्यालयबाट प्राप्त तथ्याङ्कअनुसार आ.व. २०७६/७७ मा प्रदेश नं. १ का जिल्लाहरू पाँचथर, मोरङ्ग, सुनसरी, तेह्रथुम तथा उदयपुरमा एक-एकवटा र ओखलढुङ्गामा दुईवटा गरी जम्मा ७ वटा बाल-विवाहको मुद्दा दर्ता भएकोमा आ.व. २०७७/७८ मा पाँचथर र सोलुखुम्बुमा एक-एकवटा, ताप्लेजुङ्गमा दुईवटा, सुनसरीमा तीनवटा र मोरङ्ग तथा उदयपुरमा पाँच- पाँचवटा गरी जम्मा १७ वटा बाल-विवाहको मुद्दा दर्ता भएको देखिन्छ। यसैगरी आ.व. २०७८/७९ को माघसम्म ईलाम, पाँचथर, उदयपुर तथा खोटाङमा एक-एकवटा र सुनसरीमा तीनवटा गरी जम्मा ७ वटा बाल-विवाहका मुद्दा दर्ता भएको जनाइएको छ। समुदायमा हुने बाल-विवाहको घटनाको तुलनामा मुद्दा दर्ताको संख्या अत्यन्त कम देखिन्छ। अर्कातर्फ अधिकांश बाल-विवाहका मुद्दाहरू जवरजस्ती करणी (ज.क.) मुद्दाका रूपमा दर्ता हुने गरेको भन्ने सामान्य बुझाई छ।[44] प्रदेश प्रहरी कार्यालयबाट उपलब्ध तथ्याङ्कअनुसार आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ को माघसम्म प्रदेश अन्तर्गत दर्ता भएको ज.क. मुद्दा को संख्या क्रमश: ४७६, ५९० र २४६ रहेको अवस्था छ।[45]

---

https://www.worecnepal.org/uploads/publication/document/2133142066REDEFINING%20THE%20EARLY%20AND%20CHILD%20MARRIAGE.pdf (accessed 08/02/2022)

[42] प्रदेश नं. १ मा बाल विवाह विरुद्धको प्रादेशिक रणनीतिपत्र तयारीको सिलसिलामा छलफल र अन्तर्वार्ताका क्रममा विभिन्न सरोकारवाला तथा मुख्य सूचनादाताबाट प्राप्त जानकारीका आधारमा।

[43] ऐ ऐ

[44] ऐ ऐ

[45] थप जानकारीका लागि प्रदेश प्रहरी कार्यालय प्रदेश नं १ बाट प्राप्त तथ्याङ्क अनुसूची १ मा संलग्न राखिएको छ ।

वि.सं. २०७५ भदौ १ देखि ३ गते सम्म प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले विराटनगरमा आयोजना गरेको प्रदेशस्तरीय बालिका सम्मेलनको अन्त्यमा जारी घोषणापत्रमा सन् २०२५ सम्ममा प्रदेश नम्बर १ लाई बाल-विवाह मुक्त प्रदेश घोषणा गर्नेबारे उल्लेख गरिएको छ। प्रदेश योजना आयोगद्वारा प्रकाशित प्रथम आवधिक योजना र मध्यकालीन खर्च संरचनाले बालबालिका तथा किशोरकिशोरीको संवेदनशीलता अनुभूत गरी कार्यक्रम तर्जुमा एवं कार्यान्वयन हुन नसक्नु, बाल बचावट, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम प्रभावकारी नहुनु, हराएका बालबालिकाको उद्धार गर्न प्रभावकारी संयन्त्र नहुनु, संरक्षण विहिन बालबालिकाको सूचना तथा तथ्यांक नहुनु, बालबालिकासँग सम्बन्धित निर्णय प्रक्रियामा तिनको अर्थपूर्ण सहभागिता नहुनु र बालबालिकालाई सुरक्षित रुपमा हुर्काउने सन्दर्भमा अभिभावकमा चेतना नहुनु आदिलाई प्रमुख समस्याका रुपमा औंल्याइएको छ।[46,47] "सर्वाङ्गीण बाल विकास: सक्षम नागरिकको मूल आधार" भन्ने क्षेत्रगत सोचका साथै बाल बचावट, संरक्षण सहभागिता र विकासका सबै पक्षमा विशेष पहलबाट बालबालिका तथा किशोरकिशोरीमैत्री समाज निर्माणको लक्ष्य लिई प्रदेश सरकारले बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गरी बालमैत्री प्रदेशको स्थापना गर्नुका साथै तिनीहरू उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्ने उद्देश्य लिएको छ। प्रदेश सरकारको प्रथम आवधिक योजनाले सामाजिक चेतना अभिवृद्धि एवं शिक्षामा पहुँच स्थापित गरी बालबालिकाको सर्वोत्तम विकासमा जोड दिने रणनीति अन्तर्गत समाजमा प्रचलित विभिन्न हानिकारक अभ्यासका साथै बालबालिका तथा किशोरकिशोरीमाथि हुने हिंसालाई रोकथाम गर्न निरोधात्मक उपाएको अवलम्वन गर्ने एवं बाल-विवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाहविरुद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गर्ने कार्यनीति समेत अख्तियार गरेको छ।[48] प्रदेशमा बालअधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री प्रदेश निर्माण गर्न "प्रदेश नं. १ बालबालिका संरक्षण ऐन, २०७७" तर्जुमा गरेको छ। उक्त ऐनमा बाल-विवाह उन्मूलनबारे प्रत्यक्ष रूपमा उल्लेख गरेको नदेखिए तापनि बालबालिका माथि हुनसक्ने जोखिम न्यूनीकरणका लागि प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज तथा निजी क्षेत्रले आवश्यक कार्य गर्न सक्ने, प्रदेश सरकारले बालबालिकाको संरक्षणको लागि तोकिए बमोजिम विशेष संयन्त्र निर्माण गर्न सक्ने, बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्द्धनका लागि प्रदेश बाल अधिकार समिति गठन गर्ने र बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि बालकोष स्थापना गर्ने व्यवस्था गरिएको छ।[49] उपरोक्त अनुसार प्रदेश नं १ लाई बाल-विवाह मुक्त प्रदेश बनाउनका निम्ति प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को आ.व.

---

[46] प्रदेश सरकार, प्रदेश योजना आयोग, *प्रथम आवधिक योजना(आर्थिक वर्ष २०७६/७७-२०८०/८१),* प्रदेश नं. १, बिराटनगर, नेपाल, पाना ७४।

[47] प्रदेश सरकार, प्रदेश योजना आयोग, *मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०७८/७९-२०८०/८१),* प्रदेश नं. १, बिराटनगर, नेपाल, पाना ६७।

[48] प्रदेश सरकार, प्रदेश योजना आयोग, *प्रथम आवधिक योजना(आर्थिक वर्ष २०७६/७७-२०८०/८१)* प्रदेश नं १ बिराटनगर नेपाल, पाना ७४-७५।

[49] प्रदेश सरकार, प्रदेश नं. १ बालबालिका संरक्षण ऐन, २०७७।

२०७८/८९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत रही बाल-विवाह अन्त्यका लागि यो प्रादेशिक रणनीति निर्माण गर्ने कार्य भएको छ।

विगतमा प्रदेश १ अन्तर्गत केही नगरपालिका (महानगरपालिका समेत) तथा गाउँपालिकाहरूले बालमैत्री स्थानीय शासन लागू गर्ने र बाल-विवाह अन्त्य गर्ने सम्बन्धमा सकारात्मक प्रयासहरू जारी राखेको छ। उदाहरणका लागि बिराटनगर महानगरपालिकाले वि.सं. २०६४ सालमै बालमैत्री नगर अवधारणा पत्र सार्वजनिक गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धनको क्षेत्रम काम गर्ने पहिलो नगरपालिकाको रूपमा चिनारी प्रस्तुत गरेको एवं वि. सं. २०७१ मा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वियन कार्यविधि, २०६८ मा उल्लेखित सूचकहरूलाई स्थानीयकरण गरेको देखिन्छ।[50] साविकको तेतरीया गाविसलाई बालमैत्री घोषणा गरिएको थियो। त्यसरी नै झापा जिल्लाको भद्रपुर नगरपालिका र सुनसरी जिल्लाको रामधुनी नगरपालिकाले पनि बालमैत्री स्थानीय शासन लागू गरेको पाइन्छ। यसका साथै सुनसरी जिल्लाका गढी गाउँपालिका र बर्जु गाउँपालिकाले २०८१ सम्म बाल-विवाह अन्त्य गर्ने प्रतिबद्धता सहित बाल-विवाह अन्त्य गर्ने रणनीति तयार पारेको छ।[51] प्राय: सबै स्थानीय तहमा विद्यालय र समुदाय स्तरमा बाल क्लब/सञ्जाल, किशोरी समूह, महिला निगरानी समूह, युवा क्लबहरू गठन भई बाल-विवाहविरुद्ध परिचालित छन् भने बालअधिकार तथा महिलाअधिकारका लागि कार्यरत सामाजिक संस्थाहरू, समुदाय-प्रहरी साझेदारी कार्यक्रम, विद्यालय शिक्षा र मदरसा लगायतका धार्मिक संस्थाहरूका माध्यमबाट पनि बाल-विवाह नियन्त्रण गर्ने प्रयास भइरहेको पाइन्छ। यद्यपि, बाल-विवाहको प्रचुरता र सघनताको तुलनामा यसको रोकथामका लागि सञ्चालन गरिएका अभियान र प्रयासहरूले व्यापकता पाउन नसकेको अवस्था छ भने बाल-विवाह नियन्त्रणका लागि राज्यको तर्फबाट हुनुपर्ने लगानी अपेक्षाकृत न्यून रहनुका साथै बाल-विवाहविरूद्धको कानूनी कारवाही अपेक्षाकृत प्रभावकारी हुन सकेको देखिंदैन।[52]

## ६. प्रदेशस्तरीय रणनीतिको औचित्य

विगतका वर्षहरूमा अन्तर्राष्ट्रिय समुदायले बाल-विवाहका कारकतत्वहरूको अध्ययन विश्लेषण; बाल-विवाहविरूद्ध सचेतना र पैरवी; नीति, कार्यक्रम तथा परियोजना कार्यान्वयनमा सहयोग र यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गरिरहेकोमा सन् २०३० सम्ममा यसको अन्त्य गर्ने प्रतिवद्धता जनाएको छ। कुनै पनि मुलुकले दिगो विकास लक्ष्य हासिल गर्न बाल-विवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाह लगायत सबै प्रकारका हानीकारक अभ्यासहरूको अन्त्य अपरिहार्य छ।

---

[50] बिराटनगर महानगरपालिका, बालबालिकाको वस्तुगत विवरण २०७२, बिराटनगर, मोरङ्ग।

[51] विभिन्न सरोकारवाला तथा मुख्य सूचनादाताबाट प्राप्त जानकारी अनुसार।

[52] प्रदेश नं. १ मा बाल विवाह विरुद्धको प्रादेशिक रणनीतिपत्र तयारीको सिलसिलामा छलफल र अन्तर्वार्ताका क्रममा विभिन्न सरोकारवाला तथा मुख्य सूचनादाताबाट प्राप्त जानकारीका आधारमा।

नेपालमा बाल-विवाहलाई दण्डनीय अपराध मानेतापनि यसको अन्त्य हुन सकेको छैन। नेपालको संविधानले महिला तथा बालबालिकासम्वन्धी हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। यसका साथै संविधानतः बालवालिकालाई बाल-विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाइने र महिलाविरूद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत गरेको हुँदा बालविबाह अन्त्यका लागि प्राथमिकताकासाथ कार्यक्रम केन्द्रित गर्नुपर्ने भएको छ। नेपालले अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता पुरा गर्नका लागि पनि सबै तहका सरकारले बाल-विवाह अन्त्य गर्ने सम्बन्धमा एक स्पष्ट रणनीति र कार्ययोजना बनाउन जरूरी छ।

बाल-विवाहका कारण बालबालिका आधारभूत हकबाट बञ्चित हुने मात्र होइनन्, उनीहरू आफ्नो भविष्य बनाउने, सहभागी हुने र निर्णय लिने अधिकारबाट पनि बञ्चित हुन्छन्। साथै बाल-विवाहको कारणले विशेषगरी बालिकाहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा गम्भीर असर पर्नुका साथै घरेलु हिंसा, बहुविवाह, लैङ्गिक हिंसा, आत्महत्या र मानव बेचबिखनको सिकारसमेत हुन पुगेको अवस्था छ। बाल-विवाह उन्मूलन बहुपक्षीय विषय भएको हुँदा प्रदेश सरकार, विकास साझेदार, नागरिक समाज, गैरसरकारी संस्था र सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको आवश्यकता रहेको छ। नेपालले विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा जनाएको प्रतिवद्धता र दिगो विकास लक्ष्यअनुरूप सन् २०३० सम्ममा बाल-विवाह अन्त्य गर्नु प्रदेश सरकारको पनि एक प्रमुख दायित्व हो।

## ७. रणनीतिका सिद्धान्तहरू

देहायका सिद्धान्तका आधारमा यो रणनीति तर्जुमा गरिएको छः

(क) **भेदभाव रहितः** यो रणनीति कार्यान्वयनको सिलसिलामा विशेषगरी बालबालिकामाथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन।

(ख) **बालबालिकाको सर्वोत्तम हितः** यो रणनीतिले बाल-विवाह अन्त्य गर्ने सवालहरूमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राख्दछ।

(ग) **शून्य सहनशीलताः** यो रणनीतिले बाल-विवाहको सवालमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गर्दै बाल-विवाहविरूद्धको कानून कार्यान्वयनलाई प्रभावकारी बनाउन विशेष जोड दिन्छ।

(घ) **किशोरकिशोरीहरूको सशक्तिकरण र अर्थपूर्ण सहभागिताः** यो रणनीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै विशेषगरी बालबालिका, किशोरकिशोरी र समुदायका अन्य सरोकारवालाहरूको सशक्तिकरण र अर्थपूर्ण सहभागितालाई महत्व दिन्छ।

(ङ) **पुरूष तथा बालकहरूको संलग्नताः** यो रणनीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरूष तथा बालकहरूको सक्रिय संलग्नता अपरिहार्य छ भन्ने मान्यता राख्दछ।

(च) **पीडित/प्रभावितको संरक्षणः** यो रणनीतिले विशेष गरी करकापमा परी बाल-विवाहबाट प्रभावित बनेका, बाल-विवाहका कारण हिंसामा परेका र बाल-विवाहको जोखिममा रहेका किशोरीहरूको संरक्षण गरी सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकता दिन्छ।

(छ) **न्यायमा पहुँच तथा द्रूत न्यायः** यो रणनीतिले बाल-विवाहबाट प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्त अनुसार न्याय दिलाउने मान्यतालाई प्राथमिकतामा राख्दछ।

(ज) **साझेदारिता र सहकार्यः** यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, गैरसरकारी संस्थाहरू राजनीतिक, सामाजिक तथा धार्मिक क्षेत्रका अगुवाहरूसँगको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता दिइनेछ।

(झ) **परिवर्तनको सिद्धान्तः** यो रणनीतिले लैङ्गिक विभेद र हानीकारक परम्पराका उपजका रूपमा रहेको बाल-विवाहको अन्त्यका लागि लैङ्गिकता, जातियता, सामाजिक–आर्थिक दूरावस्था र उत्पत्तिका आधारमा हुने भेदभावलाई अन्त्य गर्न जरूरी रहेको र यसको लागि सामाजिक मूल्य मान्यता, सोच र व्यवहारमा परिवर्तन आवश्यक छ भन्ने कुरामा जोड दिन्छ। यो रणनीति परिवर्तनको सिद्धान्तमा आधारित भई बाल-विवाह नियन्त्रणमा समुदायको निगरानी प्रणालीलाई सुदृढ पार्न एवं स्थान विशेष कार्यक्रमहरूको कार्यान्वयनमा केन्द्रित छ।

## ८. दूरदृष्टी

बाल-विवाहमुक्त प्रदेश।

## ९. ध्येय

सन् २०२५ सम्ममा प्रदेश नम्बर १ लाई बाल-विवाह मुक्त बनाउने प्रदेशस्तरीय बालिका सम्मेलनको घोषणा समेतलाई आत्मसात् गर्दै प्रदेशमा सबै सरोकारवालाहरूसँगको सहकार्यमा पारिवारिक तथा सामाजिक संरक्षण प्रणालीको सुदृढीकरण गर्दै बालबालिकाका लागि सुरक्षित वातावरण निर्माण गरी बाल-विवाहको अन्त्य गर्ने अभियानलाई सफल पार्ने।

## १०. लक्ष्य

प्रदेशका सबै नगरपालिका र गाउँपालिकामा बाल-विवाह मुक्त बनाउने अभियानलाई तीव्रता दिंदै सन् २०३० सम्ममा प्रदेशबाट बाल-विवाह उन्मूलन गर्ने।

## ११. उद्देश्यहरू

प्रदेशमा सन् २०३० सम्ममा बाल-विवाह उन्मूलनका लागि यस रणनीतिमा देहायका उद्देश्यहरू समावेश गरिएका छन्:

१. प्रदेशका सबै नगरपालिका र गाउँपालिकाहरूमा बाल-विवाह र हानीकारक परम्परागत अभ्यासबारे अध्ययन र तथ्याङ्कमा आधारित भई त्यसविरूद्ध सीप, शिक्षा, सचेतना र लगायतका निरोधात्मक तथा रोकथामका उपायहरूद्वारा बाल-विवाहका जोखिममा रहेका सबै समुदायका किशोरकिशोरीहरूको सशक्तिकरण गर्ने। (Prevention)

२. प्रदेशअन्तर्गतका सबै समुदायमा बाल-विवाहको रोकथामका लागि समुदाय निगरानी प्रणालीलाई सुदढ बनाई परिचालन गर्ने। (Community Intervention)

३. प्रदेशमा बाल-विवाहविरूद्धको वर्तमान कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाउने। (Prosecution)

४. प्रदेशका सबै स्थानमा बाल-विवाहबाट प्रभावित एवं त्यस प्रकारको विवाहको जोखिममा रहेका बालबालिका विशेषतः बालिकाहरूको संरक्षण गर्दै उनीहरूको लागि लक्षित सेवा, सुविधा तथा अवसरमा सरल तथा सहज पहुँचको सुनिश्चितता गर्ने। (Protection)

५. बाल-विवाह अन्त्य गर्ने अभियानलाई व्यापकता दिन प्रदेशका सबै स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीतालाई प्रवर्द्धन गर्ने। (Coordination and Partnership Promotion)

## १२. रणनीति तथा कार्यनीति

| ***प्राथमिकता क्षेत्र - निरोध/रोकथाम (Prevention)*** | | | |
|---|---|---|---|
| **रणनीति** | | **कार्यनीति** | |
| १ | प्रदेशका सबै नगरपालिका र गाउँपालिकामा बाल-विवाहको समस्याबारे स्थिति अध्ययन र | १ | प्रदेशका सबै जिल्लाका सबै नगरपालिका र गाउँपालिकालाई समेटी घरेलु हिंसा, लैङ्गिक हिंसा, दाइजो, तिलक, महिनावारी हुँदा गरिने भेदभाव आदि हानीकारक परम्परागत अभ्यासलगायत बाल-विवाहका कारण र त्यसबाट पारिवारिक, सामाजिक, आर्थिक एवं स्वास्थ्य स्थितिमा परेका असरहरूबारे अध्ययन विश्लेषणसहितको प्रदेशस्तरीय आधाररेखा |

| | | | |
|---|---|---|---|
| | विश्लेषण गरी तथ्याङ्क प्रणालीको विकास गर्ने। | | (baseline) तयार गर्ने व्यवस्था गरिने छ। |
| | | २ | उपरोक्त अनुसार तयार पारिएको बाल-विवाहको स्थिति प्रतिवेदनलाई स्थानीय स्तर र पालिका स्तरमा पाँच पाँच वर्षमा अद्यावधिक गरी सुझाव कार्यान्वयन गरिने छ। |
| | | ३ | बाल-विवाहको स्थिति तथा नियन्त्रणबारे प्रदेश, जिल्ला र स्थानीय तहमा जातिगत तथा समुदायगत रूपमा जानकारी उपलब्ध हुने गरी खण्डीकृत तथ्याङ्क राख्ने प्रणालीको विकास गरिने छ। |
| २ | प्रदेशका सबै विद्यालय, गुम्बा तथा मदरसाहरूमा बालमैत्री र लैङ्गिकमैत्री वातावरण निर्माण गरी किशोरी विशेष गुणस्तरीय र प्राविधिक शिक्षा कार्यक्रम लागू गर्नुका साथै बाल-विवाह विरूद्ध सुरक्षित स्थानका रूपमा विकास गर्ने। | १ | बाल-विवाह अन्त्यको लागि बालमैत्री एवं लैङ्गिकमैत्री विद्यालय, गुम्बा तथा मदरसाको मापदण्ड तयार गरी क्रमिक रूपमा प्रदेशका सबै विद्यालयमा लागू गरिने छ। |
| | | २ | विद्यालयहरूमा नैतिक शिक्षाको पठनपाठनका साथै बाल-विवाह तथा यौनजन्य दुर्व्यवहारविरूद्ध आचार संहिता लागू गरी सुरक्षित वातावरण निर्माण गरिने छ। |
| | | ३ | प्रदेश तथा स्थानीयस्तरमा आधारभूत र माध्यमिक तहको पाठ्यक्रममा बाल-विवाह, दाइजो, तिलक जस्ता कुप्रथाका कारण तथा परिणामहरूबारे बोध गराउने शिक्षण सामग्री समावेश गरी सिकाई विधि परिमार्जन गरिने छ। |
| | | ४ | विद्यालय पाठ्यक्रममा बाल-विवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरका साथै बृहत यौनिकता र प्रजनन स्वास्थ्य र अधिकार (Comprehensive Sexuality and Reproductive Health and Rights) का विषयहरू पर्याप्त मात्रामा समावेश गरी सोबारे खुलेर पठन–पाठन र छलफल गर्ने गराउने वातावरण तयार गरिने छ। |
| | | ५ | आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत परिवारका बालिकाहरूलाई अनिवार्य शिक्षामा जोड दिई बाल-बिवाह निरुत्साहित गर्ने उद्देश्यले विद्यालय तथा मदरसामा विशेष गरी छात्राहरूको बीचैमा पढाई छाड्ने प्रवृत्तिलाई निरूत्साहित गरी उनीहरूलाई विद्यालयमा टिकाई राख्न २० वर्षसम्म बालिका बीमाको नीति, साइकल, कापीकलम, विद्यालयको पोशाक, झोला लगायत विभिन्न शैक्षिक सामग्री सहायतालगायतका योजना कार्यान्वयनमा ल्याइने छ। |

सामाजिक विकास मन्त्रालय

| | | | |
|---|---|---|---|
| | | ६ | विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, गणित (STEM) र व्यावसायिक विषयका उच्च शिक्षामा किशोरीहरूलाई प्रोत्साहन गर्न सशर्त छात्रबृत्तिको व्यवस्था गरिने छ। |
| ३ | प्रदेशमा बाल-विवाहको जोखिममा रहेका विद्यालय बाहिरका किशोरकिशोरीको सशक्तिकरण गरी बाल-विवाहविरूद्ध परिचालन गर्ने। | १ | नगरपालिका र गाउँपालिकाका सबै वडाहरूमा किशोरी सूचना केन्द्र स्थापना गरी बाल-विवाहविरूद्ध लैङ्गिक सचेतना अभिवृद्धि गरिने छ। |
| | | २ | नगरपालिका र गाउँपालिकाका सबै समुदायमा विद्यालय बाहिरका बालिका तथा किशोरकिशोरीलाई समुदायमा आधारित बाल क्लब, किशोरी समूह, युवा क्लब आदिमा आवद्ध गराई बाल-विवाहविरूद्ध सामाजिक सम्वाद लगायत विभिन्न अभियानहरूमा सरिक गराइने छ। |
| | | ३ | नगरपालिका र गाउँपालिकाका सबै समुदायका विद्यालय बाहिरका किशोरकिशोरीलाई लक्षित गरी अनौपचारिक शिक्षा, बैकल्पिक शिक्षा, लचिलो शिक्षाका माध्यमद्बारा शिक्षामा पहुँच स्थापित गरिने छ। |
| | | ४ | बाल-विवाह नगर्ने शर्तमा विद्यालय बाहिरका किशोरीहरूलाई व्यावसायिक सीप तालिम प्रदान गर्नुका साथै आयमूलक क्रियाकलापहरूमा संलग्न गराई आर्थिक सशक्तिकरण गरिने छ। |
| ४ | बाल-विवाह अन्त्यका लागि पारिवारिक संरक्षण तथा अभिभावकीय शिक्षा कार्यक्रम लागू गर्ने। | १ | समुदाय र परिवारमा बाल-विवाह विरूद्ध छोराछोरीबीच विभेदरहित ढङ्गले हुर्काउने, हेरचाह र स्याहार गर्ने तरिका, लैङ्गिक सामाजिकीकरण एवं किशोरावस्थाको यौनिकता आदि विषयलाई समेटी सकारात्मक अभिभावकीय शिक्षा (Positive Parenting Education) कार्यक्रम सञ्चालन गरिने छ। |
| | | २ | बाल बिवाहलाई निरूत्साहित गर्न बाल सुरक्षा (Child Safeguarding) तथा पारिवारिक संरक्षण पद्धति (Family Protection System) बारे निर्देशिका बनाई लागू गरिने छ। |
| | | ३ | आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत परिवारलाई लक्षित गरी बाल-विवाह निरुत्साहित गर्ने उद्देश्यले आयमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ। |
| ५ | बाल-विवाह तथा हानीकारक परम्परागत अभ्यासको अन्त्यका लागि स्थान तथा | १ | बाल बिवाहलाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत सोच, मूल्य मान्यता र व्यवहार परिवर्तनका लागि राजनीतिक दल, सञ्चार क्षेत्र, पेशागत संघ संस्था र व्यापार व्यवसायीहरूद्वारा हस्ताक्षरित प्रविद्धता जाहेर गरी गराई सबैको साझेदारितामा विभिन्न अभियानहरू सञ्चालन |

| | | | |
|---|---|---|---|
| | समुदाय विशेष सचेतना कार्यक्रमहरू अभियानको रूपमा संचालन गर्ने। | | गरिने छ। |
| | | २ | बाल बिवाह निषेधसम्बन्धी कानूनी प्रावधानहरूबारे सबै समुदायमा सचेतना बढाउन समुदाय सुहाउँदो भाषा शैलीमा हाते पुस्तिका तयार गरी प्रचारप्रसार गरिने छ। |
| | | ३ | बाल-विवाहका कारण महिला तथा बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असर र परिवारलाई पर्ने आर्थिक व्ययभारबारे सूचनासामग्री निर्माण गरी आमसञ्चारका माध्यमबाट व्यापक प्रचारप्रसार गरिने छ। |
| | | ४ | आधुनिक सूचना प्रविधिबारे ज्ञान नभएका र पहुँच नभएका वर्ग समुदायलाई लक्षित गरी बाल-विवाहका नकारात्मक असरहरूबारे जात्रा, मेला, भेला पर्वमा सिनेमा प्रदर्शनी, सडक नाटक लगायत उपयुक्त तरिका अपनाई जनसमुदायलाई जानकारी गराइने छ। |
| | | ५ | सार्वजनिक यातायात लगायत धेरै मानिसहरू आवतजावत गर्ने स्थान तथा साधनहरूमा बाल-विवाहविरूद्ध सूचनामूलक सन्देशहरू सहितको होर्डिङ्ग बोर्ड, स्टिकर, पर्चा, पम्प्लेट आदि उत्पादन गरी प्रचार अभियानलाई व्यापकता दिइने छ। |
| ***प्राथमिकता क्षेत्र - समुदायमा आधारित सम्बोधन* (Community Intervention)** | | | |
| ६ | बाल-विवाह अन्त्यका लागि स्थानीय तह मार्फत समुदायका अगुवा पुरूषहरू, शिक्षकहरू, धर्मगुरूहरू लगायत निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने। | १ | विभिन्न धर्मावलम्वीहरूबीच धर्मगुरूहरूको सञ्जालमार्फत लैङ्गिक समानता कायम गर्ने, बाल-विवाह अन्त्य गर्नेसम्बन्धी कानूनी शिक्षा, बाल-विवाहबाट पर्ने नकारात्मक सामाजिक-आर्थिक प्रभाव र स्वास्थ्य प्रतिकूलताबारे धर्मगुरूहरूलाई प्रशिक्षण दिई सामाजिक सम्वादका लागि परिचालन गरिने छ। |
| | | २ | शिक्षक, धर्मगुरू, ज्योतिष, पण्डित, धामीझाँक्री, लामा, मौलाना, पास्चर लगायत समुदायमा अग्रणी भूमिकामा रहेका व्यक्तिहरूसँग बाल-बिवाह, दाइजो, तिलकसम्बन्धी अभ्यास जस्ता बिषयमा सम्वाद गरी पैरवी गरिने छ। |
| | | ३ | समुदायस्तरमा बालविवाह रोकथाममा सक्रिय भूमिका खेलेका व्यक्ति तथा समुहहरूको पहिचान गरी समुदायका विभिन्न सञ्जालहरूमा अग्रणी अभियन्ता (champion) को रूपमा सहभागी गराई सार्वजनिक समारोहहरूमा सम्मान गरिने छ। |

| | | | |
|---|---|---|---|
| | | ४ | निजी क्षेत्रका उद्योग, यातायात, कम्पनी तथा कलकारखानाहरूको तर्फबाट व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत सेवाप्रदायक निकाय तथा गैररसरकारी संस्थाहरूसँगको साझेदारितामा बाल-विवाह अन्त्यसम्बन्धी विभिन्न लक्षित समुदायहरुसंग कार्यक्रमहरू सञ्चालन गरिने छ। |
| ७ | प्रदेश प्रहरी कार्यालयको अगुवाईमा बाल-विवाह रोकथामका लागि समुदायमा आधारित निगरानी प्रणालीलाई सुदृढ बनाउने। | १ | प्रदेशका सबै नगरपालिका र गाउँपालिकाका सबै वडाहरूमा "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" लाई सुदृढ पार्दै सो कार्यक्रमअन्तर्गत बाल-विवाह र हानिकारक अभ्यासविरूद्ध समुदायमा आधारित निगरानी प्रणाली (Community based vigilance ) लाई प्रभावकारी बनाईने छ। |
| | | २ | "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" अन्तर्गत बाल-विवाह रोकथामका लागि स्व–सक्रिय सम्बोधन (pro-active intervention) का लागि "निगरानी समूह" गठन तथा परिचालन निर्देशिका तयार पारी व्यापकता दिन सबै नगरपालिका तथा गाउँपालिकाहरूलाई प्रोत्साहन गरिने छ। |
| | | ३ | समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समुदायमा बाल-विवाहविरूद्ध अग्रीम सूचना प्राप्त गर्ने तथा चेतावनी दिने पद्धति (early information and warning system) को विकास गरिने छ। |
| ८ | समुदायमा आधारित निगरानी प्रणालीको सुदृढीकरण गरी टोल विकास संस्थालगायत समुदायमा आधारित संस्थाहरूमार्फत जोखिम समुदायमा पारिवारिक भेटघाट र परामर्शलाई व्यापकता दिने। | १ | समुदायमा प्रहरी कार्यालय तथा स्थानीय तहसंगको समन्वयमा बाल-विवाह हुन लागेको परिवारमा पारिवारिक भेटघाट, सल्लाह र परामर्श (family visit, mentoring and counseling) द्वारा बाल-विवाहलाई रोकथाम गरिनेछ। |
| | | २ | सबै टोल र समुदायमा बाल-विवाह तथा हानिकारक परम्परा विरूद्ध टोल विकास संस्थालाई निगरानी तथा खवदारी गर्ने संयन्त्रको रुपमा प्रभावकारी बनाइने छ र महिला सहकारी, आमा समूह, महिला निगरानी समूह, बालक्लब, युवा क्लब र किशोरी समूह समेतलाई परिचालनलाई व्यापकता दिइनेछ। |
| ***प्राथमिकता क्षेत्र - कानूनी कारवाही (Prosecution)*** | | | |
| ९ | प्रदेश प्रहरी कार्यालय र स्थानीय तहसँगको समन्वयमा बाल- | १ | बाल-विवाह राज्य विरूद्धको अपराध हो भन्ने कानूनद्वारा स्थापित मान्यतालाई बोध गरी बाल-विवाहविरूद्धको उजुरी प्रकृयालाई सरल र प्रभावकारी बनाउन सहजीकरण गरिने छ। |

| | | | |
|---|---|---|---|
| | विवाहविरूद्धको उजुरी प्रक्रियालाई सरलीकरण गर्ने। | २ | बाल-विवाहविरूद्ध उजुरी गर्न चाहने व्यक्ति तथा संघसंस्थाका लागि सहजीकरण गर्न निगरानी समूहलाई परिचालन गरिने छ। |
| | | ३ | बाल-विवाहविरूद्ध स्वतःस्फूर्त (suo moto) कारवाहीका लागि प्रहरी परिचालन गर्न प्रहरी कार्यालयसँग समन्वय गरिने छ। |
| १० | बाल-विवाह अन्त्यसम्बन्धी नीति कानूनको कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्ने। | १ | बाल-विवाह अन्त्यसम्बन्धी राष्ट्रिय कानून, नीति तथा कार्ययोजना लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी राष्ट्रिय प्रतिवेदन माथिको निस्कर्ष सुझावहरू र दिगो विकास लक्ष्य बमोजिम तोकिएका सूचकहरूबारे कानून कार्यान्वयन निकायका कर्मचारीहरू, निगरानी समूह लगायत अन्य सरोकारवालाहरूलाई प्रशिक्षण दिइने छ। |
| | | २ | बाल-विवाह अन्त्यसम्बन्धी नीति कानून कार्यान्वयनबारे सरल भाषामा कार्यविधिगत श्रोत-सामग्री निर्माण गरी कानून कार्यान्वयन गर्ने निकायका सबै तहका कर्मचारीहरूलाई प्रशिक्षण दिइने छ। |
| ११ | बाल-विवाहका पीडित तथा पीडितका साक्षीहरूको संरक्षणका लागि न्यायमा पहुँच सुनिश्चितता गर्ने। | १ | बाल-विवाहबाट प्रभावित बालबालिकालाई लक्षित गरी कानूनी हक एवं उपचार सम्बन्धी निशुल्क कानूनी सहयोग तथा परामर्श तत्काल प्रदान गर्ने व्यवस्था मिलाइने छ। |
| | | २ | बाल-विवाहबाट पीडित/प्रभावित एवं पीडित/प्रभावितका साक्षीको सुरक्षा तथा संरक्षणको सुनिश्चितता गरिने छ। |
| | | ३ | बाल-विवाहबाट पीडित/प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चितता गर्न उजुरीदेखि अदालती प्रक्रिया र पुनर्स्थापना सम्मका चरणहरूमा आवश्यक कानूनी, आर्थिक एवं सामाजिक सहयोग उपलब्ध गराइने छ। |
| ***प्राथमिकता क्षेत्र - संरक्षण (Protection)*** | | | |
| १२ | बाल-विवाहबाट प्रभावित एवं बाल-विवाहको जोखिममा रहेका बालबालिकाहरूको संरक्षण गर्ने। | १ | बाल-विवाहबाट पीडित/प्रभावित बालिका र किशोरीहरूलाई लक्षित गरी संस्थागत हेरचाह एवं संरक्षणका लागि श्रोत परिचालन गरिने छ। |
| | | २ | बाल-विवाहका पीडित/प्रभावित बालबालिका र उनको परिवारलाई आउन सक्ने बाहिरी धम्की, शोषण तथा दबाब विरूद्ध संरक्षणको सुनिश्चितता गरिने छ। |
| | | ३ | दवाब, करकाप वा बाध्यकारी अवस्थामा परी बाल-विवाहको जोखिममा रहेका बालबालिकालाई तत्काल उद्धार गरी सुरक्षा तथा संरक्षणको |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्था गरिने छ। |
| १३ | बाल-विवाहबाट प्रभावित वा बाल-विवाहको जोखिममा रहेका बालबालिकाहरूको स्वास्थ्य उपचार तथा सामाजिक, आर्थिक सशक्तिकरण गर्ने। | १ | बाल-विवाहबाट प्रभावित वा बाल-विवाहको जोखिमा रहेका बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ। |
| | | २ | बाल-विवाहबाट प्रभावित वा बाल-विवाहको जोखिममा रहेका बालबालिकाको सामाजिक तथा आर्थिक सशक्तिकरणका लागि स्थानीय तह तथा महिला सहकारी संस्था र निजी क्षेत्रसँग समन्वय गरी विभिन्न व्यावसायीक सीप विकास तालिम र आय आर्जनका अवसरहरू प्रदान गरिने छ। |
| ***प्राथमिकता क्षेत्र - समन्वय, सहकार्य र साझेदारीतालाई प्रवर्द्धन* *(Coordination and Partnership Promotion)*** | | | |
| १४ | प्रदेशमा बालमैत्री स्थानीय शासनलाई व्यापकता दिई बाल-विवाहविरूद्ध सशक्त रूपमा अभियान सञ्चालनका लागि सहजीकरण गर्ने। | १ | सबै नगरपालिका तथा गाउँपालिकाहरूमा बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गरी बालमैत्री नगरपालिका वा गाउँपालिका घोषणा गर्ने अभियानलाई व्यापकता दिइने छ। |
| | | २ | सबै नगरपालिका तथा गाउँपालिकामा रणनीति तथा कार्यक्रमहरू निर्माण गरी बाल-विवाहविरूद्धको अभियानलाई निरन्तरता दिन प्रोत्साहन गरिने छ। |
| १५ | स्थानीय तह र सरोकारवालासँगको सहकार्य, साझेदारिता र क्षमता विकास गर्ने। | १ | बाल-विवाहविरूद्धको अभियानलाई प्रभावकारी तुल्याउन स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज संघसंस्था तथा अभिभावकहरूसँगको साझेदारितालाई प्रवर्द्धन गरिने छ। |
| | | २ | भौगोलिकता, जात–जाति, धर्म–सम्प्रदाय, सँस्कृति, परम्परा एवं आर्थिक सामाजिक अवस्था अनुरूप समुदाय विशेषमा कायम रहेको बाल-विवाह अन्त्यका लागि समूहमा आधारित विधि (Cluster Approach) अपनाउन स्थानीय तह लगायत सरोकारवालालाई प्राविधिक तथा आर्थिक सहयोग गरिने छ। |
| १६ | बाल-विवाह अन्त्य गर्ने अभियानलाई प्रभावकारी बनाउन | १ | प्रदेश तथा स्थानीय तहमा बाल-विवाह अन्त्यका लागि भएका प्रयासहरूको आवधिक रूपमा समिक्षा गर्ने प्रणालीको विकास गरिने छ। |

| | | | |
|---|---|---|---|
| | स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने। | २ | बालविवाह नियन्त्रणका बारे प्रदेश, जिल्ला र स्थानीय तहमा खण्डीकृत तथ्याङ्कसहित अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको विकास गरिने छ। |
| | | ३ | अनुगमन तथा मूल्याङ्कनका नतिजाहरू र असल अभ्यासबारे समीक्षा गर्ने र समुदायलाई सुसूचित गर्ने प्रणालीको विकास गरिने छ। |
| | | ४ | प्रदेश अन्तर्गत बाल-विवाह अन्त्यका लागि एक नगरपालिका वा गाउँपालिकाले सुरू गरेको असल अभ्यासलाई अरू नगरपालिका वा गाउँपालिकामा क्रमशः विस्तार गरिने छ। |

## १३. अनुगमन तथा मूल्याङ्कन

यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा प्रदेश सरकारले देहाय अनुसारको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने छः

1. प्रदेश सरकारको अनुगमन निर्देशिकाबमोजिम सामाजिक विकास मन्त्रालयलाई दिगो विकास लक्ष्य र परिणाममा आधारित व्यवस्थापन प्रणाली (Result Based Management - RBM) को आधारमा एकिकृत ढांचा बनाउन लगाई बाल-विवाह अन्त्यका लागि सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको अनुगमन गर्न निर्देशित गर्ने।
2. प्रदेशका सबै जिल्ला र नगरपालिका वा गाउँपालिकाबाट बाल-विवाह र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन गर्नका लागि समेत सामाजिक विकास मन्त्रालयको सम्बन्धित महाशाखाअन्तर्गत एक चुस्त र प्रभावकारी लैङ्गिक उत्तरदायी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने।
3. प्रदेश, स्थानीय तह र वडा कार्यालयहरूसहित कार्यान्वयन गर्न सहयोगी सरोकारवालाहरूलाई यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनमा सूचकसमेतको लजिकल फ्रेमवर्क बनाई अनुगमन गर्ने विधिबारे प्रशिक्षण दिने।
4. यो रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न सहयोगी भूमिकामा रहेका निकाय तथा संघसंस्थाहरूलाई समेत प्रशिक्षण दिई एउटै ढाँचा (template) मा प्रतिवेदन तयार पारी पेश गर्ने परिपाटी बसाल्ने।
5. बाल-विवाहबाट पीडित/प्रभावितहरूप्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र सहायताबारे स्थानीय तहको वडा कार्यालयहरूको समन्वय र जवाफदेहीतामा सामुदायिक अनुगमन तथा मूल्याङ्कन प्रणालीसम्बन्धी निर्देशिका तयार गरी सरोकारवालाहरूलाई सुसूचित गर्ने।
6. यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयन र प्रभावकारिताबारे स्वतन्त्र परामर्शदाताहरूबाट मध्यावधि र अन्तिम मूल्याङ्कन गरी गराई प्राप्त सुझावअनुसार रणनीतिमा सुधार गर्ने।



सामाजिक विकास मन्त्रालय

7. बाल-विवाह तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रदेशस्तरबाट भएका समग्र प्रयासहरूबारे एकिकृत रूपमा वार्षिक प्रतिवेदन तयार पारी प्रकाशित गर्ने।

सामाजिक विकास मन्त्रालय

## १४. सहकार्य तथा समन्वय

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले निम्न सरोकारवालाहरूसँग देहाय अनुसार सहकार्य र समन्वय गर्ने छः

बाल-विवाहबाट प्रभावित बालिका, बाल-विवाहको क्षेत्रमा क्रियाशील व्यक्ति तथा समूहहरू, युवा क्लब, किशोरी समूह, बालिका, महिला, आर्थिक तथा सामाजिक रूपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, आदीवासी जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरू, कानून कार्यान्वयन गर्ने निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, धर्मगुरू, नागरिक समाज, गैसस, निजी संस्था, पेशागत संस्था तथा सञ्जालहरू संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, विकास साझेदार लगायत विभिन्न समुदायसँग समन्वय र सहकार्य गर्ने।

सामाजिक विकास मन्त्रालय

## १५. संस्थागत संरचना

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो रणनीति तथा काययोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि जिल्ला समन्वय समिति र स्थानीय तहसंगको समन्वय एवं सहकार्य समेतमा निम्न अनुसार संरचना निर्माणमा ध्यान दिने छः

### प्रदेश स्तर

- सामाजिक विकास मन्त्रीको संयोजकत्वमा सरोकारवाला प्रदेश मन्त्रालय र गैससको सहभागितामा निर्देशन समिति
- सामाजिक विकास मन्त्रालयका सचिवको संयोजकत्वमा नीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति
- सामाजिक विकास महाशाखा अन्तर्गत खण्डिकृत तथ्यांक व्यवस्थापन

### जिल्ला स्तर

- जिल्ला समन्वय समिति र जिल्ला बालअधिकार समितिको समग्र निर्देशन र सुपरिवेक्षण
- जिल्लामा सामाजिक विकास कार्यालय/इकाईको स्थापना र सो कार्यालय/इकाईको संयोजकत्वमा रणनीति तथा कार्ययोजना कार्यान्वयन स्थिति बारे अनुगमन तथा प्रतिवेदन
- सामाजिक विकास कार्यालय/इकाई मार्फत जिल्लाका सरोकारवाला निकाय तथा गैरसरकारी संस्थाहरुसंगको सम्पर्क र क्षमता विकास

### नगरपालिका वा गाउँपालिका स्तर

- स्थानीय बालअधिकार समितिको समग्र निर्देशन र सुपरिवेक्षण
- उपप्रमुख/उपाध्यक्ष को संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन कार्यदल
- सामाजिक विकास महाशाखा/शाखाका प्रमुख/महिला विकास अधिकृतको संयोजकत्वमा कार्यान्वयन कार्यदल

### वडा स्तर

- वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय बाल विवाह अन्त्य तथा लैङ्गिक हिंसा निवारण समिति
- प्रहरी कार्यालयको अगुवाईमा बाल विवाहविरुद्ध सुचना, जाहेरी (FIR) तथा प्रतिकार्य (response) का लागि Rapid Response Team
- महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल

### समुदाय स्तर

- प्रहरी कार्यालयको अगुवाईमा सबै टोल/समुदायमा Rapid Response Team
- महिला निगरानी समूह
- आमा समूह
- महिला सहकारी संस्था
- बाल क्लब/सञ्जाल
- पुरुष र बालक champion
- युवा क्लब
- किशोरी समूह
- धर्मगुरु सञ्जाल
- विद्यालय परिवार

## १६. जोखिम तथा न्यूनीकरण

प्रदेशस्तरीय बाल-विवाह अन्त्यसम्बन्धी प्रस्तुत रणनीति तथा कार्ययोजनाको स्वरूप बृहत् (comprehensive) भएको र बहुक्षेत्रगत सवाल (Crosscutting Issue) भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोधहरू आउन सक्ने देखिन्छ। प्रमुख जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरू निम्नानुसार छन्ः

| *क्र सं* | *सम्भावित जोखिमहरू* | *जोखिम न्यूनीकरणका उपायहरू* |
|---|---|---|
| १. | बालअधिकार, बालसंरक्षण, लैङ्गिक समानतासम्बन्धी अवधारणाबारे साझा बुझाईमा एकरूपता नहुने हुनाले रणनीति तथा कार्ययोजना कार्यान्वयनमा जिम्मेवार सरोकारवालाहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्ने सम्भावना छ। | • सबै सरोकारवालाहरूमा समान बुझाइको लागि यो रणनीति तथा कार्ययोजनाको बारेमा प्रदेश, जिल्ला र स्थानीयस्तरका सरकारी निकाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरू बीच साझा साझा अवधारणा, सहमति, प्रतिवद्धताका, सहयोग र समन्वयका लागि नियमित रूपमा छलफल र परामर्श गर्ने। |
| २. | कानूनले निर्धारण गरेको विवाहको उमेरबारे समुदायमा गलत, भ्रमपूर्ण र अपर्याप्त बुझाई कायम रहँदा बाल विवाहले सामाजिक मान्यता पाइरहेको अवस्था आफैंमा एक चनौतिपूर्ण छ। | • बाल-विवाहविरुद्धका कानुनी प्रावधान तथा उजुरी सयन्त्रको बारेमा सचेतना जगाउने उद्देश्यले हात्ते सामग्री तयार गरि स्थानीय सञ्चार माध्यमहरूमार्फत सचेत गराउने ।<br>• बालबालिका तथा अभिभावकहरूबीच सामाजिक सम्वाद कार्यक्रम सञ्चालन गर्ने।<br>• सार्वजनिक यातायात धेरै मानिस आवतजावत र भेला हुने स्थानहरूमा बालविवाह विरूद्धको कानूनी व्यवस्थाबारे प्रचारप्रसार गर्ने। |
| ३. | सार्वजनिक तथा निजी क्षेत्र जतातते पुरूष प्रधान मान्यता हावी रहेको र भौतिक पूर्वाधारलाई मात्र विकास देख्ने मानसिकता व्याप्त रहेको सन्दर्भमा बालिका र महिला केन्द्रित भई यो रणनीति तथा कार्ययोजना कार्यान्वयन प्राथमिकतामा नपर्न सक्छ। | • बाल-विवाहविरूद्ध वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी वजेटको व्यवस्थापन गर्ने।<br>• लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गरी यो रणानीति कार्यान्वयनका लागि वजेट विनियोजन गर्ने<br>• गैसस, निजी तथा व्यवसायिक क्षेत्रले गर्नु पर्ने योगदानको बारेमा निर्देशिका तयार गरी लागू गर्न पहल गर्ने । |
| ४ | प्रतिवद्धता र इच्छाशक्तिसहितको दक्ष जनशक्तिको अभावमा यो रणनीति तथा | • बाल-विवाहविरूद्धको कानूनी व्यवस्था तथा यसबाट सामाजिक, आर्थिक, व्यवसायिक र यौन तथा प्रजनन |

| | | |
|---|---|---|
| | कार्ययोजनाको कार्यान्वयन सुस्त हुन सक्छ । | स्वास्थ्यमा पार्ने प्रभावको बारेमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम चालाई समुदायमा परिचालन गर्ने।<br>• राजनीतिक दलहरूसँग यो विषयको प्राथमिकताका लागि संवाद चलाउने। |
| ५ | यो रणनीति तथा कार्ययोजना बहुपक्षीय सरोकारको विषय भएकाले कमजोर समन्वय र सहयोगका कारण यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी हुन नसक्ने सम्भावना छ | • विद्यालय छाडेका बालबालिकाका लागि निजी तथा व्यवसायिक संघसंस्थाहरूसँग समन्वय गरी सीप तथा क्षमता विकास र रोजगारीमूलक तालीम कार्यक्रमहरू सञ्चालन गर्ने<br>• ग्रामीण क्षेत्रमा रोजगारीको अवसर सृजना गर्ने।<br>• बालिका विमा कार्यक्रमलाई प्रभावकारी बनाउने। |
| ६ | यो रणनीति तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति परिचालन, आर्थिक तथा अन्य श्रोत साधनको विनियोजनको कमीका साथै लैङ्गिक संवेदनशीलताको अभावमा यसले प्राथमिकता नपाउन सक्छ । | • प्रदेशस्तरका सबै सरोकारवाला निकायहरूमा बालअधिकार, बालसंरक्षण र लैङ्गिक सवालहरू बारे ज्ञान दक्षतासहितको जनशक्ति निर्माणमा विशेष जोड दिने।<br>• संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरी स्रोत साधनको परिचालन।<br>• प्रदेशस्तरमा बालअधिकार र लैङ्गिक समानताबारे विज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको निरन्तर भेला बैठक र छलफल गराई राय परामर्श लिने र समस्या समाधान गर्ने परिपाटीको निर्माण गर्ने। |

सामाजिक विकास मन्त्रालय

# १७. कार्ययोजना

***प्राथमिकता क्षेत्र - निरोध तथा रोकथाम (Prevention)***

**उद्देश्य १: प्रदेशका सबै नगरपालिका र गाउँपालिकाहरूमा बाल-विवाह र हानीकारक परम्परागत अभ्याससबारे अध्ययन र तथ्याङ्कमा आधारित भई त्यसविरूद्ध सीप, शिक्षा, सचेतना र लगायतका निरोधात्मक तथा रोकथामका उपायहरूद्वारा बाल-विवाहका जोखिममा रहेका सबै समुदायका किशोरकिशोरीहरूको सशक्तिकरण गर्ने।**

**रणनीति १.१: प्रदेशका सबै नगरपालिका र गाउँपालिकामा बाल-विवाहको समस्याबारे स्थिति अध्ययन र विश्लेषण गरी तथ्याङ्क प्रणालीको विकास गर्ने।**

| क्र.सं.<br>S. N. | कार्यक्रम/क्रियाकलाप<br>Program/Activities | कार्यान्वयन गर्ने निकाय<br>Implementing Agency | सहयोगी निकाय<br>Supporting Agencies | समय सीमा<br>Timeline | अपेक्षित नतिजा<br>Expected Output | नतिजाको सूचकाङ्क/कार्यसम्पादन सूचक<br>Output Indicators and means of verification | श्रोत विनियोजन<br>Resource Allocation |
|---|---|---|---|---|---|---|---|
| १.१.१ | प्रदेशका सबै नगरपालिका र गाउँपालिकालाई घरेलु हिंसा, लैङ्गिक हिंसा, दाइजो, तिलक, महिनावारी हुँदा गरिने भेदभाव आदि हानीकारक परम्परागत अभ्यासलगायत बाल-विवाहका कारण र त्यसबाट पारिवारिक, सामाजिक, आर्थिक एवं स्वास्थ्य स्थितिमा परेका असरहरूबारे अध्ययन विश्लेषणसहितको पालिकास्तरीय आधाररेखा (baseline) तयार गर्न सहजीकरण गर्ने। | • गा पा/न पा | • सा वि म<br>• गै स स<br>• विकास साझेदार | १ वर्ष | • प्रदेशमा पालिकागत रूपमा बाल-विवाहको स्थितिबारे आधाररेखा तयार भएको हुने<br>• उक्त प्रतिवेदनमा उल्लेख भएको तथ्याङ्क प्रत्येक ५ वर्षमा अद्यावधिक भएको हुने | • गा पा/न पा मा बाल-विवाह भएका बालिका र बालकको वडागत तथ्याङ्क<br>• प्रत्येक वर्षको तुलनात्मक रूपमा घट्दो बाल-विवाहको दर<br>• पालिकाहरूको वडागत रूपमा खण्डीकृत तथ्याङ्कको व्यवस्थापनका लागि सफ्टवेयर<br>• आधार रेखा अध्ययन प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ<br>• पालिकाहरूको वेभ साइट | सा वि म र गा पा/न पा को साझेदारितामा पालिकाको जनसंख्याको आधारमा प्रत्येक पालिकाले रू ३ देखी ५ लाख |
| १.१.२ | उपरोक्त १.१.१ (क) अनुसार पालिकास्तरीय आधाररेखा तयार भएपछि (baseline) प्रदेशस्तरीय आधाररेखा अध्ययन प्रतिवेदन तयार पार्ने। | • सा वि म | • गा पा/न पा<br>• गै स स<br>• विकास साझेदार | ६ महिना | | | प्रदेश सरकार सा वि म ले रू १० लाख |
| १.१.३ | पालिकास्तरीय आधाररेखा प्रतिवेदनलाई आवधिक रूपमा अद्यावधिक गर्न सहजीकरण गरी प्रदेशस्तरीय प्रतिवेदनलाई अद्यावधिक गर्ने र सुझाव कार्यान्वयनका लागि सम्प्रेषण गर्ने। | | | प्रत्येक ५ वर्ष | | | पालिकाको जनसंख्याको आधारमा प्रत्येक पालिकाले रू १ देखी २ लाख र सा वि म ले रू ३ लाख |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१.४ | बाल-विवाहको स्थिति तथा नियन्त्रणबारे प्रदेश, जिल्ला र स्थानीय तहमा जातिगत तथा समुदायगत रूपमा जानकारी उपलब्ध हुने गरी खण्डीकृत तथ्याङ्कको व्यवस्थापन गर्ने। | | | निरन्तर | • खण्डीकृत तथ्याङ्क प्रणालीको विकास भएको हुने | | प्रत्येक पालिकाले रू १ लाख र सा वि म ले रू २ लाख |
| **रणनीति १.२: प्रदेशका सबै विद्यालय, गुम्बा तथा मदरसाहरूमा बालमैत्री र लैङ्गिकमैत्री वातावरण निर्माण गरी किशोरी विशेष गुणस्तरीय र प्राविधिक शिक्षा कार्यक्रम लागू गर्नुका साथै बालविवाह विरूद्ध सुरक्षित स्थानका रूपमा विकास गर्ने।** | | | | | | | |
| १.२.१ | बाल-विवाह अन्त्यको लागि बालमैत्री एवं लैङ्गिकमैत्री विद्यालय, गुम्बा तथा मदरसाको मापदण्ड तयार गरी प्रदेशका सबै विद्यालयमा लागू गर्ने र निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने:<br>क) विद्यालयहरूमा बाल विवाह, लैङ्गिक हिंसा विरूद्ध छात्रछात्राहरूलाई समान रूपमा संलग्न गराई विभिन्न खेलकुद सम्बन्धी गतिविधिहरू,<br>ख) विद्यालयमा मनोविमर्शकर्ताको व्यवस्था,<br>ग) छात्र छात्राका लागि छुट्टै शौचालय,<br>घ) छात्राहरूको लागि सेनिटरी प्याड,<br>ङ) बाल बिवाह, लैङ्गिक हिंसा तथा बालअधिकारका बारेमा विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरू (वादविवाद, हाजिरी जवाफ, प्रवचन आदि) को आयोजना,<br>च) विद्यालयस्तरमा विभिन्न अभियान ("मेरो विद्यार्थी मेरो दायित्व", "बालविवाह मुक्त विद्यालय मेरो जिम्मेवारी", "मेरो गौरव बालमैत्री विद्यालय" आदि)। | • गा पा/न पा | • सा वि म<br>• विद्यालय समुदाय<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • सबै विद्यालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री सूचकसहित बालमैत्री, लैङ्गिकमैत्री वातावरण कायम भएको हुने<br>• प्रदेशका सबै माध्यमिक विद्यालयहरूमा मनोविमर्शकर्ताको नियुक्ति भएको हुने | • विद्यालयमा निर्माण भएका बालमैत्री, लैङ्गिकमैत्री पूर्वाधारहरू<br>• विद्यालयद्वारा आयोजित अतिरिक्त क्रियाकलापहरूको संख्या<br>• मनोविमर्शकर्ताद्वारा दिइएको सेवाबाट लाभान्वित हुने बालबालिकाको संख्या<br>• विद्यालयबाट प्रकाशित प्रतिवेदनहरू<br>• मिडिया रिपोर्टिङ्ग | प्रत्येक पालिकाले विद्यालयको आवश्यकता हेरी प्रति विद्यालय रू १ देखि २ लाख र सा वि म बाट बालमैत्री एवं लैङ्गिकमैत्री विद्यालय अनुदानका लागि एक स्थाई कोष खडा गरी प्रत्येक वर्ष अनुदान दिने। |
| १.२.२ | विद्यालयहरूमा नैतिक शिक्षाको पठनपाठनका साथै बाल-विवाह तथा यौनजन्य दुर्व्यवहारविरूद्ध आचार संहिता बनाई लागू गर्ने। | • सा वि म | • गा पा/न पा<br>• विद्यालय समुदाय<br>• गै स स<br>• विकास साझेदार | १ वर्ष | • विद्यालय वातावरणमा सुधार भई सुरक्षित स्थानको रूपमा विकास भएको हुने<br>• विद्यालयका लागि बाल-विवाह तथा यौनजन्य दुर्व्यवहारविरूद्ध आचार संहिता तयार भई लागू भएको हुने<br>• विद्यालय बीचैमा छाडी | • विद्यालय पठनपाठनमा आएको सुधार<br>• विद्यालयमा निरन्तरता दिने छात्राको संख्या<br>• आचारसंहिता सहिता लागू गर्नेबारे परिपत्र<br>• विद्यालयबाट प्रकाशित प्रतिवेदनहरू<br>• मिडिया रिपोर्टिङ्ग | आचारसंहिता निर्माण र परिपत्रका रू ५० हजार |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आफूखुसी बाल-विवाह गर्ने छात्रछात्राहरूको संख्या शून्यमा झरेको हुने<br>• विद्यालयका शिक्षक, अभिभावक तथा विद्यार्थीको व्यवहारमा सुधार भएको हुने | | |
| १.२.३ | प्रदेश तथा स्थानीयस्तरमा आधारभूत र माध्यमिक तहको पाठ्यक्रममा बाल-विवाह, दाइजो, तिलक जस्ता कुप्रथाका कारण तथा परिणामहरूबारे बोध गराउने शिक्षण सामग्री समावेश गरी सिकाई विधि परिमार्जन गर्ने। | • सा वि म<br>• गा पा/न पा | • विद्यालय समुदाय गै स स<br>• विकास साझेदार | | • सबै आधारभूत तथा माध्यमिक विद्यालयहरूमा बाल विवाहविरूद्ध र लैङ्गिक हिंसाविरूद्ध खुलेर पठन पाठन भएको हुने<br>• आफूखुसी बाल-विवाह गर्ने छात्रछात्राहरूको संख्या शून्यमा झरेको हुने | • बाल-विवाह र लैङ्गिक हिंसाविरूद्ध तालिम प्राप्त शिक्षकहरूको बढ्दो संख्या<br>• विद्यालय पठनपाठनमा आएको सुधार<br>• विद्यालयमा भ्रमण, निरीक्षण र परामर्श बैठकको संख्या | सा वि म र गा पा/न पा बाट प्रति पालिका रू ३ लाख |
| १.२.४ | विद्यालय पाठ्यक्रममा बाल-विवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरका साथै बृहत यौनिकता र प्रजनन स्वास्थ्य र अधिकार (Comprehensive Sexuality and Reproductive Health and Rights) का विषयहरू पर्याप्त मात्रामा समावेश गरी पठन–पाठनको व्यवस्था मिलाउने। | • सा वि म<br>• स्वा म | • गा पा/न पा<br>• विद्यालय समुदाय<br>• गै स स<br>• विकास साझेदार | | • बृहत् यौनिकता र प्रजनन स्वास्थ्य शिक्षाबारे शिक्षक प्रशिक्षण सम्पन्न भएको हुने<br>• विद्यालयहरूमा यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार विषयमा खुलेर पठनपाठन भएको हुने | • बृहत् यौनिकता र प्रजनन स्वास्थ्य शिक्षा प्रशिक्षणमा सहभागी शिक्षकहरूको संख्या<br>• छात्रछात्राहरूको सोच र व्यवहारमा आएको परिवर्तन<br>• प्रशिक्षण प्रतिवेदन<br>• बैठकको छलफल र निर्णय | गा पा/न पा को साझेदारितामा प्रति पालिका रू ३ लाख |
| १.२.५ | आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत परिवारका बालिकाहरूलाई अनिवार्य शिक्षामा जोड दिई बाल-बिवाहलाई निरूत्साहित गर्ने उद्देश्यले विद्यालय तथा मदरसामा विशेष गरी छात्राहरूको बीचैमा पढाई छाड्ने प्रबृत्तिलाई निरूत्साहित गरी उनीहरूलाई विद्यालयमा टिकाई राख्न २० वर्षसम्म बालिका वीमाको नीति, साइकल, कापीकलम, विद्यालयको पोशाक, झोलालगायत विभिन्न शैक्षिक सामग्री सहायताका कार्यक्रमहरू सञ्चालन गर्ने। | • सा वि म<br>• गा पा/न पा | • विद्यालय समुदाय<br>• गै स स<br>• विकास साझेदार | | • विद्यालयको पढाईमा बालिकाहरूको निरन्तरता कायम भएको हुने<br>• बाल विवाह गर्ने बालबालिकाको संख्यामा उल्लेख्य मात्रामा कमी आएको हुने | • कार्यान्वीत कार्यक्रमको संख्या<br>• लाभान्वीत हुने बालिकाहरूको संख्या<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग | सा वि म तथा गा पा/न पा को साझेदारीतामा बाट प्रत्येक पालिकामा रू ५ देखी १० लाखको कोष स्थापना गरी परिचालन गर्ने |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२.६ | विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, गणित (STEM) र व्यावसायिक विषयका उच्च शिक्षामा किशोरीहरूलाई प्रोत्साहन गर्न सशर्त छात्रबृत्तिको व्यवस्था गर्ने। | • सा वि म | • गा पा/न पा<br>• शिक्षण संस्थाहरू<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • उल्लेखित विषयमा अध्ययन गर्ने महिला तथा किशोरीहरूको संख्या उल्लेख्य मात्रामा वृद्धि भएको हुने | • छात्रवृत्ति प्राप्त गर्ने किशोरीको संख्या<br>• प्राविधिक क्षेत्रमा रोजगारीको अवसर प्राप्त गर्ने महिला तथा किशोरीको संख्या<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• अनुगमन प्रतिवेदन | सा वि म तथा गा पा/न पा को साझेदारितामा प्रत्येक पालिकामा रू १० देखी १५ लाखको कोष स्थापना गरी परिचालन गर्ने |
| **रणनीति १.३: प्रदेशमा बाल-विवाहको जोखिममा रहेका विद्यालय बाहिरका किशोरकिशोरीको सशक्तिकरण गरी बाल-विवाहविरूद्ध परिचालन गर्ने।** | | | | | | | |
| १.३.१ | नगरपालिका र गाउँपालिकाका सबै वडाहरूमा किशोरी सूचना केन्द्र स्थापना गरी बाल-विवाहविरूद्ध लैङ्गिक सचेतना अभिवृद्धि गर्ने। | • सा वि म | • गा पा/न पा<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • सबै नगरपालिका वा गाउँपालिकाका वडाहरूमा किशोरी सूचना केन्द्र गठन भई बाल विवाहविरूद्ध जागरूक भएको हुने | • स्थापना भएका किशोरी सूचना केन्द्रको संख्या<br>• किशोरी सूचना केन्द्रमा आवद्ध किशोरीको संख्या<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• अनुगमन प्रतिवेदन | सा वि म तथा गा पा/न पा को साझेदारितामा प्रत्येक पालिकामा रू ५ देखी १० लाखको कोष स्थापना गरी परिचालन गर्ने |
| १.३.२ | नगरपालिका र गाउँपालिकाका सबै समुदायमा विद्यालय बाहिरका बालिका तथा किशोरकिशोरीलाई समुदायमा आधारित बाल क्लब, किशोरी समूह, युवा क्लब आदिमा आवद्ध गराई बाल-विवाहविरूद्ध सामाजिक सम्वाद लगायत विभिन्न अभियानहरू सञ्चालन गर्ने। | | | | • विद्यालय बाहिरका बालबालिका समुदायमा आधारित बाल क्लब, युवा क्लबमा आवद्ध भएको हुने | • समुदायमा आधारित बाल क्लब, युवा क्लबमा आवद्ध बालबालिकाको संख्या<br>• बालबालिकाको सहभागितामा सञ्चालन भएका कार्यक्रमहरूको संख्या<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• अनुगमन प्रतिवेदन | |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.३.३ | नगरपालिका र गाउँपालिकाका सबै समुदायका विद्यालय बाहिरका किशोकिशोरीलाई लक्षित गरी अनौपचारिक शिक्षा, बैकल्पिक शिक्षा, लचिलो शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | | | | • गै स स समेतको सहयोगमा किशोरकिशोरीलाई लक्षित गरी जीवन उपयोगी शिक्षा-कक्षा तथा आयआर्जनसम्बन्धी लक्षित क्रियाकलाप संचालन भएको हुने<br>• गैससको तत्वावधानमा समुदायमा बाल विवाह विरूद्ध किशोरकिशोरी लक्षित विभिन्न सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन भएको हुने | • स्थानीय तहमा सञ्चालन भएका जीवन उपयोगी शिक्षा-कक्षा तथा आयआर्जनसम्बन्धी लक्षित क्रियाकलापको संख्या<br>• किशोरकिशोरी सशक्तिकरण कार्यक्रमबाट लाभान्वित किशोरकिशोरीहरूको संख्या<br>• प्रत्येक नगरपालिका वा गाउँपालिकामा किशोरकिशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने गैससको संख्या<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• अनुगमन प्रतिवेदन | |
| १.३.४ | बाल-विवाहलाई निरूत्साहित गर्ने उद्देश्यले विद्यालय बाहिरका किशोरीहरूलाई व्यावसायिक सीप तालिम प्रदान गर्नुका साथै आयमूलक क्रियाकलापहरूमा संलग्न गराई आर्थिक सशक्तिकरण गरिने छ। | | | | | | |
| **रणनीति १.४: बाल-विवाह अन्त्यका लागि पारिवारिक संरक्षण तथा अभिभावकीय शिक्षा कार्यक्रम लागू गर्ने।** | | | | | | | |
| १.४.१ | समुदाय र परिवारमा बाल-विवाह विरूद्ध छोराछोरीबीच विभेदरहित ढङ्गले हुर्काउने, हेरचाह र स्याहार गर्ने तरिका, लैङ्गिक सामाजिकीकरण एवं किशोरावस्थाको यौनिकता आदि विषयलाई समेटी सकारात्मक अभिभावकीय शिक्षा (Positive Parenting Education) कार्यक्रम सञ्चालन गर्ने। | • सा वि म<br>• गा पा/न पा | • गै स स<br>• विकास साझेदार | निरन्तर | • अभिभावकीय शिक्षासम्बन्धी प्रशिक्षणबाट अभिभावकहरूमा बाल विवाह गराउन नहुने बारे चेतना वृद्धि भएको हुने<br>• परिवारमा छोराछोरीमाथि गरिने विभेद कम हुनुका साथै घरेलु काममा पुरूको सहभागिता वृद्धि भएको हुने | • सकारात्मक अभिभावकत्व शिक्षाबाट लाभान्वीत भई सोच व्यवहार परिवर्तन भएका अभिभावकको संख्या<br>• निर्माण भएको सकारात्मक अभिभावकत्वसम्बन्धी तालिम सामग्री र सो विषयमा तालिम (TOT) प्राप्त प्रशिक्षकहरूको संख्या<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• अनुगमन प्रतिवेदन | सा वि म बाट प्रशिक्षण पुस्तिका निर्माणका लागि रू ३ लाख र प्रशिक्षण सञ्चालनका लागि प्रत्येक पालिकाबाट रू २ लाख |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.४.२ | बाल बिवाहलाई निरूत्साहित गर्न बाल सुरक्षा (Child Safeguarding) तथा पारिवारिक संरक्षण पद्धति (Family Protection System) बारे निर्देशिका बनाई लागू गर्ने। | | | | • बाल सुरक्षा तथा पारिवारिक संरक्षण पद्धतिबारे निर्देशिका जारी भई सोबारे समुदाय तथा परिवार सचेत हुनुका साथै बाल-विवाह नियन्त्रण भएको हुने | • बाल सुरक्षा तथा पारिवारिक संरक्षण पद्धतिसम्बन्धी प्रकाशित निर्देशिका<br>• उक्त निर्देशिका बमोजिम दिक्षित अभिभावक/परिवारको संख्या | सा वि म बाट प्रशिक्षण पुस्तिका निर्माणका लागि रू १ लाख र प्रशिक्षण सञ्चालनका लागि प्रत्येक पालिकाबाट रू १ लाख |
| १.४.३ | आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत परिवारलाई लक्षित गरी बाल-विवाह निरुत्साहित गर्ने उद्देश्यले आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने। | | | | • सीमान्तकृत परिवारको आयआर्जनमा वृद्धि भएको हुने र परिणामस्वरूम बाल-विवाह उल्लेख्य मात्रामा घटेको हुने | • लक्षित कार्यक्रमबाट लाभान्वीत सीमान्तकृत परिवारको संख्या<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• अनुगमन प्रतिवेदन | सा वि म तथा गा पा/न पा को साझेदारितामा प्रत्येक पालिकामा रू १५ देखी २५ लाख |
| **रणनीति १.५: बाल-विवाह तथा हानीकारक परम्परागत अभ्यासको अन्त्यका लागि स्थान तथा समुदाय विशेष सचेतना कार्यक्रमहरू अभियानको रूपमा संचालन गर्ने।** | | | | | | | |
| १.५.१ | बाल बिवाहलाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत सोच, मूल्य मान्यता र व्यवहार परिवर्तनका लागि राजनीतिक दल, सञ्चार क्षेत्र, पेशागत संघ संस्था र व्यापार व्यवसायीहरूद्वारा हस्ताक्षरित प्रविद्धता जाहेर गरी गराई सबैको साझेदारितामा विभिन्न अभियानहरू सञ्चालन गर्ने। | • सा वि म<br>• गा पा/न पा | • राजनीतिक दल<br>• सञ्चार क्षेत्र<br>• पेशागत संघ संस्था<br>• निजी क्षेत्र<br>• गै स स<br>• विकास साझेदार | ६ महिना | • सबै पालिकामा बाल बिवाह अन्त्यका लागि सरेकारवाला सरकारी निकाय, राजनीतिक दल, सञ्चार क्षेत्र, पेशागत संघ संस्था र निजी द्वारा हस्ताक्षरित प्रविद्धता जाहेर भई सबै सरेकारवालाहरूबीच साझेदारिता अभिवृद्धि भएको हुने<br>• बाल-विवाहका घटनाहरूमा शून्य सहिष्णुता अभिबृद्धि भएको हुने | • सञ्चालन भएका समन्वय बैठक संख्या<br>• गा पा/न पाको वेभसाइट<br>• निर्णय माइन्युट<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• अनुगमन प्रतिवेदन | सा वि म तथा गा पा/न पाको साझेदारितामा प्रति पालिका रु ५० हजार |
| १.५.२ | बाल बिवाह निषेधसम्बन्धी कानूनी प्रावधानहरूबारे सबै समुदायमा सचेतना बढाउन समुदाय सुहाउँदो भाषा शैलीमा हाते पुस्तिका तयार गरी प्रचारप्रसार गर्ने। | • सा वि म<br>• गा पा/न पा | • आ मा का म<br>• सञ्चार क्षेत्र<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • बाल विवाह निषेधसम्बन्धी कानूनी प्रावधानहरूबारे स्थानीय समुदाय सुहाउँदो | • विद्युतीय तथा छापामाध्यमबाट प्रचारप्रशार भएका सामग्रीको संख्या | सा वि म तथा गा पा/न पाको साझेदारितामा प्रति पालिका रु २ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.५.३ | बाल-विवाहका कारण महिला तथा बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असर र परिवारलाई पर्ने आर्थिक व्ययभारबारे सूचनासामग्री निर्माण गरी आमसञ्चारका माध्यमबाट व्यापक प्रचारप्रसार गर्ने। | | | | सरल भाषामा प्रचार सामग्री तयार भएको हुने<br>• बाल-विवाहका असरबारे व्यापक रूपमा सचेतनामूलक कार्यक्रमहरू सम्पन्न भएको हुने<br>• बाल-विवाहविरूद्ध प्रचार सामग्री निर्माण भई आमसञ्चारका माध्यमबाट व्यापक प्रशारण भएको हुने | • समुदायमा सञ्चालन गरिएका बाल-विवाहविरूद्धका सचेतना कार्यक्रम र सहभागीको संख्या<br>• प्रकाशित तथा वितरित सामग्रीको संख्या बाल-विवाहविरूद्ध आम समुदायमा कानूनी ज्ञानको अभिबृद्धि<br>• मिडियि कभरेज<br>• अनुगमन प्रतिवेदन | |
| १.५.३ | आधुनिक सूचना प्रविधिबारे ज्ञान नभएका र पहुँच नभएका वर्ग समुदायलाई लक्षित गरी बाल-विवाहका नकारात्मक असरहरूबारे जात्रा, मेला, भेला पर्वमा सिनेमा प्रदर्शनी, सडक नाटक लगायत उपयुक्त तरिका अपनाई जनसमुदायको सचेतना अभिबृद्धि गर्ने। | | | | | | |
| १.५.३ | सार्वजनिक यातायात लगायत धेरै मानिसहरू आवतजावत गर्ने स्थान तथा साधनहरूमा बाल-विवाहविरूद्ध सूचनामूलक सन्देशहरू सहितको होर्डिङ्ग बोर्ड, स्टिकर, पर्चा, पम्प्लेट आदि उत्पादन गरी प्रचारप्रसार गर्ने। | | | | | | |

सामाजिक विकास मन्त्रालय

## *प्राथमिकता क्षेत्र- समुदायमा आधारित सम्बोधन (Community Intervention)*

**उद्देश्य २: प्रदेशअन्तर्गतका सबै समुदायमा बाल-विवाहको रोकथामका लागि समुदाय निगरानी प्रणालीलाई सुदढ बनाई परिचालन गर्ने।**

**रणनीति २.१: बाल-विवाह अन्त्यका लागि स्थानीय तह मार्फत समुदायका अगुवा पुरूषहरू, शिक्षकहरू, धर्मगुरूहरू लगायत निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने।**

| क्र.सं.<br>**S. N.** | **कार्यक्रम/क्रियाकलाप**<br>**Program/Activities** | **कार्यान्वयन गर्ने निकाय**<br>**Implementing Agency** | **सहयोगी निकाय**<br>**Supporting Agencies** | **समय सीमा**<br>**Timeline** | **अपेक्षित नतिजा**<br>**Expected Output** | **नतिजाको सूचकाङ्क/कार्यसम्पादन सूचक**<br>**Output Indicators and means of verification** | **श्रोत विनियोजन**<br>**Resource Allocation** |
|---|---|---|---|---|---|---|---|
| २.१.१ | विभिन्न धर्मावलम्वीहरूबीच धर्मगुरूहरूको सञ्जालमार्फत लैङ्गिक समानता कायम गर्ने, बाल-विवाह अन्त्य गर्नेसम्बन्धी कानूनी शिक्षा, बाल-विवाहबाट पर्ने नकारात्मक सामाजिक-आर्थिक प्रभाव र स्वास्थ्य प्रतिकूलताबारे धर्मगुरूहरूलाई प्रशिक्षण दिई सामाजिक सम्वादका लागि परिचालन गर्ने। | • सा वि म<br>• गा पा/न पा | • अन्तर धार्मिक सञ्जाल<br>• गै स स<br>• निजी क्षेत्र<br>• विकास साझेदार | निरन्तर | • समुदायमा धर्मगुरुहरू बाल-विवाहविरूद्ध सक्रिय रूपमा परिचालित भएको हुने<br>• विभिन्न धर्म मान्नेहरूबीच ज्योतिष, पण्डित, धामीझाँक्री, लामा, मौलाना, पास्चर लगायत मार्फत बाल-विवाह गर्नु÷गराउनु हुन्न भन्ने सन्देश प्रवाह भई समुदायमा बाल-विवाह उल्लेख्य मात्रामा कमी आएको हुने | • शिक्षक, धर्मगुरू, ज्योतिष, पण्डित, धामीझाँक्री, लामा, मौलाना, पास्चर लगायत समुदायमा अग्रणी भूमिकामा रहेका व्यक्तिहरूलागि लक्ष्यित प्रशिक्षण तथा सम्वाद/पैरवी आदि कार्यक्रमका कारण आएको सोच परिवर्तन र त्यसबाट समुदायमा पर्ने सकारात्मक प्रभाव<br>• सम्मान पाउने धर्मगुरू तथा अग्रणी सामाजिक अभियन्ताहरूको संख्या<br>• प्रशिक्षण, छलफल/बैठकको संख्या<br>• सहभागीको संख्या | सा वि म तथा गा पा/न पा को साझेदारितामा प्रति पालिका रु १ देखि २ लाख |
| २.१.२ | शिक्षक, धर्मगुरू, ज्योतिष, पण्डित, धामीझाँक्री, लामा, मौलाना, पास्चर लगायत समुदायमा अग्रणी भूमिकामा रहेका व्यक्तिहरूसँग बाल-बिवाह, दाइजो, तिलकसम्बन्धी अभ्यास जस्ता बिषयमा सम्वाद र पैरवी गर्ने। | | | | | | |
| २.१.३ | समुदायस्तरमा बालविवाह रोकथाममा सक्रिय भूमिका खेलेका व्यक्ति तथा समुहहरूको पहिचान गरी समुदायका विभिन्न सञ्जालहरूमा अग्रणी अभियन्ता (champion) को रूपमा सहभागी गराई सार्वजनिक समारोहहरूमा सम्मान गर्ने। | | | | • बालविवाह रोकथाममा सक्रिय भूमिका खेलेका अग्रणी अभियन्ताहरूको पहिचान भएको हुने<br>• अग्रणी अभियन्ताहरूबाट समुदायका अन्य व्यक्तिहरू बालविवाहविरूद्धको अभियानमा लाग्न उत्प्रेरित भएको हुने | • सम्मान पाउने अग्रणी अभियन्ताहरूको संख्या<br>• समुदायमा बालविवाहको घट्दो संख्या | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१.४ | निजी क्षेत्रका उद्योग, यातायात, कम्पनी तथा कलकारखानाहरूको तर्फबाट व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत सेवाप्रदायक निकाय तथा गैररसरकारी संस्थाहरूसँगको साझेदारितामा बाल-विवाह अन्त्यसम्बन्धी विभिन्न लक्षित समुदायहरुसंग कार्यक्रमहरू सञ्चालन गर्ने। | | | | • बाल विवाह रोकथाममा सरकारी तथा गैरसरकारी क्षेत्रको साझेदारीता अभिवृद्धि भएको हुने | • साझेदारिता कार्यक्रमअन्तर्गत निजी क्षेत्रमा देखिने परिवर्तन जस्तैः<br>• बाल विवाह निषेधसम्बन्धी आचार संहिता,<br>• कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी नीति तथा आचार संहिता,<br>• बाल विवाह र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी प्रशिक्षण,<br>• समान कामको लागि समान पारिश्रमिक,<br>• न्यूनतम पारिश्रमिक,<br>• सूचनाको हक,<br>• योगदानमा आधारित सामाजिक सुरक्षा आदि<br>• कार्यान्वयन स्थितिबारे अनुगमन<br>• प्रगति प्रतिवेदन | सा वि म तथा गा पा/न पा को साझेदारितामा प्रति पालिका रु १ देखि २ लाख |
| **रणनीति २.२: प्रदेश प्रहरी कार्यालयको अगुवाईमा बाल-विवाह रोकथामका लागि समुदायमा आधारित निगरानी प्रणालीलाई सुदृढ बनाउने।** | | | | | | | |
| २.२.१ | प्रदेशका सबै नगरपालिका र गाउँपालिकाका सबै वडाहरूमा "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" लाई सुदृढ पार्दै सो कार्यक्रमअन्तर्गत बाल-विवाह र हानिकारक अभ्यासविरूद्ध समुदायमा आधारित निगरानी प्रणाली (Community based vigilance) लाई प्रभावकारी रूपमा परिचालन गर्ने। | • प्र प्र का<br>• गा पा/न पा | • सा वि म<br>• आ मा का म<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • सबै टोलमा बाल-विवाहविरूद्ध "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" प्रभावकारी रूपमा लागू भएको हुने<br>• "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" अन्तर्गत समुदायमा आधारित निगरानी प्रणाली संस्थागत भएको हुने | • "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" को सुदृढीकरण र प्रहरीप्रति बढ्दो भरोसा<br>• समुदायमा बाल-विवाह रोकथाममा पर्ने सकारात्मक प्रभाव<br>• प्रहरी प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन | सा वि म, गा पा/न पा तथा गै स स को साझेदारितामा प्रति पालिका रु ३ लाख |
| २.२.२ | "समुदाय-प्रहरी साझेदारी कार्यक्रम" अन्तर्गत बाल-विवाह रोकथामका लागि स्व–सक्रिय सम्बोधन (pro-active intervention) का लागि "निगरानी समूह" गठन तथा परिचालन निर्देशिका तयार पारी व्यापकता दिने। | | | ६ महिना | • बाल-विवाहविरूद्ध समुदाय निगरानी समूह परिचालनसम्बन्धी निर्देशिका तयार भएको हुने | • तयार भएको निर्देशिका बमोजिम नियन्त्रण भएको बाल विवाहको संख्या | |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२.३ | समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समुदायमा बाल-विवाहविरूद्ध अग्रीम सूचना प्राप्त गर्ने तथा चेतावनी दिने पद्धति (early information and warning system) को विकास गर्ने। | | | निरन्तर | • बाल-विवाहबारे अग्रीम सूचना प्रणाली स्थापित भइ बाल विवाह नियन्त्रण भएको हुने<br>• बाल-विवाहबारे सूचना दिने समुदायको व्यक्ति एवं बाल विवाह नियन्त्रणमा सफल हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास भएको हुने | • बाल-विवाह हुन लागेकोबारे प्राप्त अग्रीम सूचनाको संख्या<br>• पुरस्कृत भएका समुदायका सूचनादाता र प्रहरी कर्मचारीहरूको संख्या | |
| **रणनीति २.३: समुदायमा आधारित निगरानी प्रणालीको सुदृढीकरण गरी टोल विकास संस्थालगायत समुदायमा आधारित संस्थाहरूमार्फत जोखिम समुदायमा पारिवारिक भेटघाट र परामर्शलाई व्यापकता दिने।** | | | | | | | |
| २.३.१ | समुदायमा प्रहरी कार्यालय तथा स्थानीय तहसंगको समन्वयमा बाल-विवाह हुन लागेको परिवारमा सो घटना रोक्न टोल विकास संस्थामार्फत पारिवारिक भेटघाट, सल्लाह र परामर्श (family visit, mentoring and counseling) सञ्चालन गर्ने। | • गा पा/न पा | • सा वि म<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • टोल विकास संस्थामार्फत परिवार भेटघाट, सल्लाह, परामर्श कार्यक्रम निरन्तर रूपमा सञ्चालन भई बाल विवाहको दर घटेको हुने | • परिवार भेटघाट, सल्लाह, परामर्श कार्यक्रमबाट लाभान्वीत हुने परिवार र बालबालिकाको संख्या | सा वि म, गा पा/न पा तथा गै स स को साझेदारितामा प्रति पालिका रु २ लाख |
| २.३.२ | स्थानीय तहको न्यायिक समिति, प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, सेवा केन्द्र, पुनस्थापना केन्द्र, एकद्वार संकट व्यवस्थापन केन्द्र, सरकारी विद्यालयमा परामर्शदाताको व्यवस्था गर्न सहयोग गर्ने। | | | | • विभिन्न इकाईहरूमा परामर्शदाताको सेवा उपलब्ध भई बाल विवाहको दर उल्लेख्य मात्रामा घटेको हुने | • परामर्शदाताको सेवा उपलब्ध गराईने इकाईहरूको संख्या<br>• प्रगति प्रतिवेदन | |
| २.३.२ | सबै टोल र समुदायमा बाल-विवाह तथा हानिकारक परम्परा विरूद्ध टोल विकास संस्थाका साथै महिला सहकारी, आमा समूह, महिला निगरानी समूह, बालक्लब, युवा क्लब र किशोरी समूह लगायतका समुदायमा आधारित संस्थाहरुको गठन तथा परिचालन गर्ने। | | | | • सबै टोल समुदायमा टोल विकास संस्थाका साथै समुदायमा आधारित समूहहरूको गठन तथा परिचालन भएको हुने<br>• समूहहरूको सक्रियतामा समुदायमा बाल विवाहको दर उल्लेख्य मात्रामा घटेको हुने | • गठन भएका समूहहरूको किसिम र संख्या<br>• समूहको पहलमा रोकिएका बाल विवाहको संख्या<br>• समूह बैठक र निर्णय<br>• प्रगति प्रतिवेदन | |

## *प्राथमिकता क्षेत्र- कानूनी कारवाही (Prosecution)*

**उद्देश्य ३: प्रदेशमा बाल-विवाहविरूद्धको वर्तमान कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाउने।**

**रणनीति ३.१: प्रदेश प्रहरी कार्यालय र स्थानीय तहसँगको समन्वयमा बाल-विवाहविरूद्धको उजुरी प्रक्रियालाई सरलीकरण गर्ने।**

| क्र.सं.<br>S. N. | कार्यक्रम/क्रियाकलाप<br>Program/Activities | कार्यान्वयन गर्ने निकाय<br>Implementing Agency | सहयोगी निकाय<br>Supporting Agencies | समय सीमा<br>Timeline | अपेक्षित नतिजा<br>Expected Output | नतिजाको सूचकाङ्क/कार्यसम्पादन सूचक<br>Output Indicators and means of verification | श्रोत विनियोजन<br>Resource Allocation |
|---|---|---|---|---|---|---|---|
| ३.१.१ | बाल-विवाह राज्य विरूद्धको अपराध हो भन्ने कानूनद्वारा स्थापित मान्यतालाई बोध गरी बाल-विवाहविरूद्धको उजुरी प्रकृयालाई सरल र प्रभावकारी बनाउन सहजीकरण गर्ने। | • प्र प्र का<br>• गा पा/न पा | • सा वि म<br>• आ मा का म | निरन्तर | • प्रहरी कार्यालयहरूमा बाल-विवाहविरूद्ध सरल तरिकाले उजूरी दर्ता गर्ने पद्धति निर्माण भएको हुने<br>• स्थानीय तहको न्यायिक समितिहरूमा बाल-विवाहविरूद्धको उजुरीउपर छिटो सुनुवाई भई सम्बन्धित कानून कार्यान्वयन निकायमा सम्प्रेषण भएको हुने<br>• बालविवाहविरूद्ध उजुरी गर्ने व्यक्तिहरूमाथि समाजमा सकारात्मक धारणा अभिबृद्धि भएको हुने<br>• बाल-विवाहविरूद्ध स्वतःस्फूर्त कारवाही प्रक्रियाबाट समाजमा बालविवाह गर्ने गराउनेलाई कानूनको डर पैदा भएको हुने | • प्रहरी कार्यालय दर्ता हुने बाल-विवाहविरूद्धको उजूरीको संख्या<br>• बालविवाहविरूद्ध कारवाहीको बढ्दो संख्या र बालविवाहको घट्दो संख्या<br>• स्थानीय तहको न्यायिक समितिमा दर्ता भई सम्प्रेषण भएका बाल-विवाहविरूद्धको उजूरीको संख्या<br>• प्रहरी कार्यालय र स्थानीय तहसँगको समन्वय बैठक र निर्णय माइन्यूट | सम्बन्धित निकायको नियमित बजेटबाट व्यहोर्ने |
| ३.१.३ | बाल-विवाहविरूद्ध उजुरी गर्न चाहने व्यक्तिलाई निगरानी समूहमार्फत सहजीकरण गर्ने। | | | | | | |
| ३.१.४ | प्रहरी कार्यालयसँगको समन्वयमा बाल-विवाहविरूद्ध स्वतःस्फूर्त (suo moto) कारवाही प्रक्रियालाई प्रवर्द्धन गर्ने। | | | | | | |
| **३.२ बाल-विवाह अन्त्यसम्बन्धी नीति कानूनको कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्ने।** | | | | | | | |
| ३.२.१ | बाल-विवाह अन्त्यसम्बन्धी राष्ट्रिय कानून, नीति तथा कार्ययोजना लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी राष्ट्रिय प्रतिवेदन माथिको निस्कर्ष सुझावहरू र दिगो विकास लक्ष्य बमोजिम तोकिएका | • सा वि म<br>• प्र प्र का<br>• उच्च स व का | • प्र प्र का<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • बाल विवाहलाई निषेध गर्ने कानूनी प्रावधानहरूबारे सरेकारवालाहरू प्रशिक्षित भएको हुने । | • प्रशीक्षणबाट लाभान्वीत प्रहरी कर्मचारी, न्यायिक समितिका पदाधिकारी तथा निगरानी समूहका सदस्यको संख्या | सा वि म बाट रू ५ देखि १० लाख बजेट |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सूचकहरूबारे कानून कार्यान्वयन निकायका कर्मचारीहरू, निगरानी समूह लगायत सबै सरोकारवालाहरूलाई प्रशिक्षण दिने। | | | | • | • प्रगति प्रतिवेदन<br>• मिडिया रिर्पोटिङ | |
| ३.२.२ | बाल-विवाह अन्त्यसम्बन्धी नीति कानून कार्यान्वयनबारे सरल भाषामा कार्यविधिगत श्रोत-सामग्री निर्माण गरी कानून कार्यान्वयन गर्ने निकायका सबै तहका कर्मचारीहरूलाई प्रशिक्षण दिने। | | | | • बाल विवाह उन्मूलनसम्बन्धी कानूनी कारवाही सम्बन्धी कार्यविधिगत श्रोत-सामग्री निर्माण भएको हुने।<br>श्रोत सामग्रीको आधारमा सरोकारवाला निकायका पदाधिकारी तथा कार्मचारीहरू प्रशिक्षित भएको हुने | • प्रशिक्षण कार्यक्रम र सो कार्यक्रमबाट लाभान्वित हुने सहभागीको संख्या | |
| **३.३ बाल-विवाहका पीडित तथा पीडितका साक्षीहरूको संरक्षणका लागि न्यायमा पहुँच सुनिश्चितता गर्ने।** | | | | | | | |
| ३.३.१ | बाल-विवाहबाट प्रभावित बालबालिकालाई लक्षित गरी कानूनी हक एवं उपचार सम्बन्धी निशुल्क कानूनी सहयोग तथा परामर्श तत्काल प्रदान गर्ने व्यवस्था मिलाउने। | • उच्च तथा जिल्ला स व का | • सा वि म<br>• गा पा/न पा<br>• उच्च तथा जिल्ला अदालत<br>• निशुल्क कानूनी सहायता प्रदायक संयन्त्र तथा संस्थाहरू | निरन्तर | • प्रभावित बालबालिकाको न्यायमा पहुँच वृद्धि भएको हुने | • निशुल्क कानूनी सेवा प्राप्त प्रभावितहरूको संख्या<br>• निशुल्क कानूनी सेवा उपलब्ध गराएको अभिलेख | छुट्टै बजेटको आवश्यक नभएको |
| ३.३.२ | बाल-विवाहबाट पीडित/प्रभावित एवं पीडित/प्रभावितका साक्षीको सुरक्षा तथा संरक्षण गर्ने। | • प्र प्र का<br>• उच्च तथा जिल्ला सरकारी स व का | | | • बाल विवाह प्रभावित तथा साक्षीहरूको उद्धार भएको हुने<br>• बाल-विवाहका पीडित तथा पीडित साक्षीहरू मुद्दामा Hostile हुने संख्यामा कमि हुने<br>• पीडित तथा पीडित साक्षीहरू संरक्षणासम्बन्नधी कानूनी व्यवस्थाबारे सुसुचित हुने | • पीडित/प्रभावितका साक्षीको सुरक्षाको लागि दर्ता गरेको निवेदनको संख्या<br>• पीडित/प्रभावितका साक्षीलाई उपलब्ध गराएको सुरक्षा तथा संरक्षणको प्रकार र लगत<br>• बाल-विवाहसम्बन्धी मुद्दाको सफलताको संख्या<br>• लाभान्वीतहरूको संख्या | वार्षिक नियमित बजेट तथा सम्बन्धित जिल्ला अदालतसँग समन्वय गर्ने |
| ३.३.३ | बाल-विवाहबाट पीडित/प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चितता गर्न उजुरीदेखि अदालती प्रक्रिया र पुनर्स्थापना सम्मका चरणहरूमा आवश्यक कानूनी, आर्थिक एवं सामाजिक सहयोग उपलब्ध गराउने। | • सा वि म<br>• प्र प्र का | • गा पा/न पा<br>• सेवा गृह<br>• गै स स<br>• निजी व्यवसायिक क्षेत्र | | • आवश्यकतामा रहेका पीडित/प्रभावितहरूले सहायता प्रणालीबाट लाभान्वीत भई न्यायमा पहुँच अभिवृद्धि भएको हुने<br>• पीडित/प्रभावितहरूको मनोबल उच्च हुनुका साथै आत्मनिर्भर भएको हुने | | सा वि म तथा गा पा/न पाको साझेदारीतामा रू ५ देखी १० लाख बजेट |

## *प्राथमिकता क्षेत्र ४- संरक्षण (Protection)*

**उद्देश्य ४: प्रदेशका सबै स्थानमा बाल-विवाहबाट प्रभावित एवं त्यस प्रकारको विवाहको जोखिममा रहेका बालबालिका विशेषतः बालिकाहरूको संरक्षण गर्दै उनीहरूको लागि लक्षित सेवा, सुविधा तथा अवसरमा सरल तथा सहज पहुँचको सुनिश्चितता गर्ने।**

**रणनीति ४.१: बाल-विवाहबाट प्रभावित एवं बाल-विवाहको जोखिममा रहेका बालबालिकाहरूको संरक्षण गर्ने।**

| क्र.सं. S. N. | कार्यक्रम/क्रियाकलाप Program/Activities | कार्यान्वयन गर्ने निकाय Implementing Agency | सहयोगी निकाय Supporting Agencies | समय सीमा Timeline | अपेक्षित नतिजा Expected Output | नतिजाको सूचकाङ्क/कार्यसम्पादन सूचक Output Indicators and means of verification | श्रोत विनियोजन Resource Allocation |
|---|---|---|---|---|---|---|---|
| ४.१.१ | बाल-विवाहबाट पीडित/प्रभावित बालिका र किशोरीहरूलाई लक्षित गरी संस्थागत हेरचाह एवं संरक्षणको व्यवस्था गर्ने। | • सा वि म<br>• गा पा/न पा<br>• सेवा गृह तथा पुनर्स्थापना गृह | • प्र प्र का<br>• जि वा अ स<br>• स्था बा अ स<br>• गै स स<br>• विकास साझेदार | निरन्तर | • बाल विवाहबाट पीडित/प्रभावित बालबालिकालाई लक्षित गरी संस्थागत हेरचाहसम्बन्धी मापदण्ड तयार भएको हुने | • संस्थागत हेरचाहको माध्यमद्वारा संरक्षण प्राप्त गर्ने पीडित/प्रभावितको संख्या<br>• प्रगति प्रतिवेदन<br>• मिडिया रिर्पोटिङ | सा वि म तथा गा पा/न पाको साझेदारीतामा प्रति पालिका बार्षिक रू ३ देखी ५ लाख बजेट |
| ४.१.२ | बाल-विवाहका पीडित/प्रभावित बालबालिका र उनको परिवारलाई आउन सक्ने बाहिरी धम्की, शोषण तथा दवाब विरूद्ध संरक्षण गर्ने। | • गा पा/न पा<br>• प्र प्र का<br>• जिल्ला आदालत | • गै स स | | • पीडित/प्रभावित बालबालिका र परिवारको संरक्षण प्रणाली प्रभावकारी भएको हुने<br>• समाजमा सुरक्षित वातावरण सिर्जना भएको हुने<br>• प्रहरी संरक्षण प्रणालीको सुदृढीकरण भएको हुने | • बाहिरी धम्की, शोषण तथा दबाब विरूद्ध उजुरीको संख्या<br>• लाभान्वीतको संख्या<br>• उजुरी सम्बोधन संयन्त्रको प्रभावकारीता | |
| ४.१.३ | दवाब, करकाप वा बाध्यकारी अवस्थामा परी बाल-विवाहको जोखिममा रहेका बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्ने। | • गा पा/न पा<br>• प्र प्र का<br>• निगरानी समूह | • गै स स<br>• विकास साझेदार<br>• किशोरकिशोरी समूह | | • बाल-विवाहको जोखिममा रहेका बालबालिकाको तत्काल उद्धर भएको हुने | • उद्धार भएको बालबालिकाको संख्या<br>• घट्दो बाल-विवाहको संख्या<br>• Rapid Response को संख्या | |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **रणनीति ४.२: बाल-विवाहबाट प्रभावित वा बाल-विवाहको जोखिममा रहेका बालबालिकाहरूको स्वास्थ्य उपचार तथा सामाजिक, आर्थिक सशक्तिकरण गर्ने।** | | | | | | | |
| ४.२.१ | बाल-विवाहबाट प्रभावित वा बाल-विवाहको जोखिमा रहेका बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य उपचारको व्यवस्था गर्ने। | • गा पा/न पा<br>• ए सं व्य के | • गै स स<br>• विकास साझेदार<br>• स्वा म | निरन्तर | • प्रभावित तथा जोखिममा रहेका बालबालिकाहरूले सहज रूपमा शारीरिक तथा मानसिक स्वास्थ्य उपचारमा सहज पहुँच भएको हुने<br>• बाल-विवाहको जोखिममा रहेका बालबालिकाको शारिरक तथा मनोवैज्ञानिक स्वास्थ्य उपचारसम्बन्धी आवश्यकता सम्बोधन भएको हुने | • लाभान्वीतको संख्या तथा लगत | सा वि म तथा गा पा/न पा को साझेदारितमा प्रति पालिका रु १ देखि २ लाख बजेट विनियोजन गर्ने |
| ४.२.२ | बाल-विवाहबाट प्रभावित वा बाल-विवाहको जोखिममा रहेका बालबालिकाको सामाजिक तथा आर्थिक सशक्तिकरणका लागि स्थानीय तह तथा महिला सहकारी संस्था र निजी क्षेत्रसँग समन्वय गरी विभिन्न व्यावसायीक सीप विकास तालिम र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने। | | | | • बाल-विवाहको जोखिममा रहेका बालबालिकाहरूको देहाएका सेवा तथा सुविधामा पहुँच भएको हुने:<br>(क) कानूनी सहायता<br>(ख) मनोविमर्श<br>(ग) स्वास्थ्य हेरचाह<br>(घ) औपचारिक/अनौपचारिक शिक्षा<br>(ङ) सीप विकास तालिम<br>(च) लघु ऋण<br>(छ) बीउ पूँजी<br>(ज) स्वरोजगारसम्बन्धी उत्प्रेरणा, व्यवसाय/उद्यमशीलता, वित्तिय व्यवस्थापन तालिम आदि। | • संरक्षण सेवाबाट लाभान्वित हुने बालबालिकाको संख्या<br>• प्रगति प्रतिवेदन | |

## *प्राथमिकता क्षेत्र - समन्वय, सहकार्य र साझेदारीतालाई प्रवर्द्धन*

**उद्देश्य ५: बाल-विवाह अन्त्य गर्ने अभियानलाई व्यापकता दिन प्रदेशका सबै स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीतालाई प्रवर्द्धन गर्ने।**

**रणनीति ५.१: प्रदेशमा बालमैत्री स्थानीय शासनलाई व्यापकता दिई बाल-विवाहविरूद्ध सशक्त रूपमा अभियान सञ्चालनका लागि सहजीकरण गर्ने।**

| क्र.सं. S. N. | कार्यक्रम/क्रियाकलाप Program/Activities | कार्यान्वयन गर्ने निकाय Implementing Agency | सहयोगी निकाय Supporting Agencies | समय सीमा Timeline | अपेक्षित नतिजा Expected Output | नतिजाको सूचकाङ्क/कार्यसम्पादन सूचक Output Indicators and means of verification | श्रोत विनियोजन Resource Allocation |
|---|---|---|---|---|---|---|---|
| ५.१.१ | सबै नगरपालिका तथा गाउँपालिकाहरूमा बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गरी बालमैत्री नगरपालिका वा गाउँपालिका घोषणा गर्ने अभियानलाई व्यापकता दिने। | • गा पा/न पा | • सा वि म<br>• गैसस<br>• प्र प्र का | १ वर्ष भित्र | • बालमैत्री वडा र पालिका घोषणा भएको हुने | • पूरा भएका बालमैत्री स्थानीय शासनका सूचकहरू पुरा गरेका स्थानीय तहको संख्या<br>• बाल-विवाहको दरमा आएको न्यूनता<br>• गा पा/न पा को वेभसाइट<br>• मिडिया रिपोर्टिङ्ग | सा वि म तथा गा पा/न पा को साझेदारितामा प्रति पालिका रू ५ लाख |
| ५.१.२ | सबै नगरपालिका तथा गाउँपालिकामा बाल-विवाहविरूद्धको रणनीति तथा कार्यक्रमहरू निर्माण गरी बाल-विवाहविरूद्धको अभियानलाई प्रोत्साहन गर्ने। | | | | • बाल-विवाहविरूद्ध नीतिग सम्बोधन भएको हुने<br>• बाल-विवाहविरूद्धको सरकारी अभियानले निरन्तरता पाएको हुने | • रणनीतिक योजनाको खाका र कार्यक्रम<br>• निर्णय माइन्यूट<br>• गा पा/न पा को वेभसाइट<br>• मिडिया रिपोर्टिङ्ग | प्रति गा पा/न पा बाट रू २ लाख |

**रणनीति ५.२: स्थानीय तह र सरोकारवालासँगको सहकार्य, साझेदारिता र क्षमता विकास गर्ने।**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.२.१ | बाल-विवाहविरूद्धको अभियानलाई प्रभावकारी तुल्याउन स्थानीय तह, निजी क्षेत्र तथा नागरिक समाज संघसंस्था सँगको साझेदारितालाई प्रवर्द्धन गर्ने। | • सा वि म<br>• गा पा/न पा<br>• प्र प्र का | • गैसस<br>• निजी तथा व्यावसायिक क्षेत्र | निरन्तर | • बाल-विवाह उन्मूलन अभियानमा निजी क्षेत्र तथा नागरिक समाजको सहकार्यमा वृद्धि भएको हुने<br>• कार्य तथा Cost sharing मा निजी क्षेत्रको सहयोग भएको हुने<br>• | • समन्वय वैठक<br>• निर्णय माइन्यूट<br>• सा वि म तथा गा पा/न पा को वेभसाइट<br>• मिडिया रिपोर्टिङ्ग | सा वि म ले निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी कार्यक्रम गर्न प्रति पालिका रू २ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.२.२ | भौगोलिकता, जात–जाति, धर्म–सम्प्रदाय, सँस्कृति, परम्परा एवं आर्थिक सामाजिक अवस्था अनुरूप समुदाय विशेषमा कायम रहेको बाल-विवाह अन्त्यका लागि समूहमा आधारित विधि (Cluster Approach) अपनाउन स्थानीय तह लगायत सरोकारवालालाई प्रोत्साहन गर्ने। | • सा वि म<br>• गा पा/न पा | • गैसस<br>• किशोरकिशोरी समूह<br>• निगरानी समूह | | • बाल विवाहसँग सम्बन्धित जातिगत तथा समूदायगत रूपमा फरक समस्या तथा आवस्यकताको पहिचान भएको हुने<br>• बाल-विवाह उन्मूलनका लागी छुट्टाइएको बजेट तथा कार्यक्रम लक्षित समूहमा पुगी सदुपयोग भएको हुने<br>• बाल-विवाह उन्मूलनका लागि जातिगत तथा समुदायगत विशेष कार्यक्रम तर्जुमा भएको हुने | • समुदाय वशेषा समस्या विश्लेण र समाधानका लागि पहल<br>• बाल विवाह उन्मूलनमा जातिगत तथा समुदायगत सहभागिताको संख्या<br>• सीमान्तकृथ समुदायमा वाल-विवाहको घट्दो दर<br>• अध्ययन विश्लेषण र प्रतिवेदन | सा वि म तथा गा पा/न पा, गैसस र निजी क्षेत्रसँगको समन्वयमा प्रति पालिका रू २ देखि ३ लाख |
| **रणनीति ५.३: बाल-विवाह अन्त्य गर्ने अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्न सहयोग गर्ने।** | | | | | | | |
| ५.३.१ | प्रदेश तथा स्थानीय तहमा बाल-विवाह अन्त्यका लागि भएका प्रयासहरूको आवधिक रूपमा समिक्षा गर्ने प्रणाली बसाल्ने। | • सा वि म<br>• गा पा/न पा | • गै स स<br>• विकास साझेदार | निरन्तर | • बाल विवाह उन्मूलनमा भएका प्रयासहरूको सवल तथा सुधार गर्नु पर्ने पक्षको पहिचान भएको हुने | • बार्षिक समिक्षा भेला<br>• सहभागीहरूको संख्या<br>• समिक्षा प्रतिवेदन | प्रदेशस्तरमा ३ लाख र प्रति गा पा/न पा १ लाख ५० हजार |
| ५.३.२ | बालविवाह नियन्त्रणका बारे प्रदेश, जिल्ला र स्थानीय तहमा खण्डीकृत तथ्याङ्कसहित अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने। | • सा वि म<br>• जि स स<br>• गा पा/न पा | | | • प्रदेश स्तर तथा प्रत्येक पालिकामा अनुगमन तथा मूल्यांकन कार्यदल गठन भएको हुने | • अनुगमन तथा मूल्याङ्कन भएका समूहको संख्या<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• बाल-विवाह नियन्त्रणबारे खण्डिकृत तथ्याङ्क<br>• मिडिया रिपोर्टिङ | सा वि म बाट रु ५ लाख र गा पा/न पा बाट रु २ लाख बजेट विनियोजन गर्ने |
| ५.३.३ | अनुगमन तथा मूल्याङ्कनका नतिजाहरू र असल अभ्यासबारे समीक्षा गर्ने र समुदायलाई सुसूचित गर्ने प्रणालीको विकास गर्ने। | | | | • आवधिक रूपमा यो रणनीतिबारे मूल्यांकन भएको हुने<br>• मूल्यांकनको नतिजा सार्वजनिक भएको हुने<br>• मूल्यांकनबाट प्राप्त सुझावहरूको कार्यान्वयन | • मूल्यांकन प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ<br>• मन्त्रालयको वेभसाइट | सा वि म बाट रु ५ लाख बजेट विनियोजन गर्ने |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | भएको हुने | | |
| ५.३.४ | प्रदेश अन्तर्गत बाल-विवाह अन्त्यका लागि एक नगरपालिका वा गाउँपालिकाले सुरू गरेको असल अभ्याससलाई अरू नगरपालिका वा गाउँपालिकामा क्रमशः विस्तार गर्ने। | | | | • असल अभ्यासहरू बारे प्रचार प्रसार भई पालिका र समुदायमा बाल-विवाह नियन्त्रण भएको हुने | • असल अभ्यासबारे प्रतिवेदन संकलन र प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ<br>• मन्त्रालयको वेभसाइट | |

**<u>कार्ययोजनामा प्रयोग भएका सक्षिप्त शव्दावलीको पुरा अर्थ</u>**

आ मा का म — आन्तरिक मामिला तथा कानून मन्त्रालय

गा पा/न पा — गाउँपालिका/नगरपालिका

गै स स — गैरसरकारी संस्था

जि स स — जिल्ला समन्वय समिति

प्र प्र का — प्रहरी प्रदेश कार्यालय

स व का — सरकारी वकील कार्यालय

सा वि म — सामाजिक विकास मन्त्रालय

स्वा म — स्वास्थ्य मन्त्रालय



सामाजिक विकास मन्त्रालय

सामाजिक विकास मन्त्रालय